का.जि.प्र.का.द.नं. १००/०५९/६०
३१ असोज २०८३
शनिबार
17 October 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ई-पेपर हेर्न

वर्ष २४, अंक २६८। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com






दसैं पर्व सुरु भएसँगै पोखराको फेवाताल किनार खपौंदीमा हालिएको लिंगेपिङ खेलेर रमाउँदै सर्वसाधारण । तस्बिर : कृष्ण दवाडी/रासस



## परदेश बसेर देश लेख्नेहरू

भूगोलले नेपाली लेखकलाई परदेशमा पुऱ्याए पनि उनीहरूको सिर्जनामा नेपाल, नेपाली समाज, संस्कृति र जीवनका अनुभूति जीवन्त छन् । प्रवासमै रहेर साहित्य साधनामा जुटेका स्रष्टाले नेपाली साहित्यलाई विषय, विधा र दृष्टिकोणका हिसाबले समृद्ध बनाइरहेका छन् ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ३० असोज

कतिपयलाई लाग्न सक्छ, परदेशिएपछि मानिसले देश बिर्सिन्छन् । तर, के देश बिर्सिने कुरा हो ? के भूगोल बदलिँदैमा देशप्रतिको माया र सम्झना मेटिन्छ ? साहित्यकार नीलम कार्की निहारिका भन्छिन्, 'भूगोल फरक हुँदैमा देश बिर्सियो भन्न कहाँ मिल्यो र ?' उनले भनेजस्तै, देश बिर्सिने कुरा होइन ।

बिदेसिनुका आ-आफ्नै कारण हुन्छन् । अध्ययन, रोजगारी र परिवारको भविष्यका लागि देश छोड्नेहरूको संख्या दिनहुँ बढिरहेको छ । परदेशमा पनि आफ्नै अप्ठ्यारा छन् । तिनै अप्ठ्याराबीच प्रवासी साहित्यकारहरू नेपाली साहित्यमा योगदान गरिरहेका छन् ।

दिनभरि विदेशी भूमिमा पसिना बगाएपछि वा अध्ययनको बोझले थकित भएपछि पनि किन नेपाली शब्दहरूसँग बस्न मन पृष्ठ २ मा

## निरन्तर लेखन निरन्तर नेपालीपन

मदन पुरस्कार विजेता 'राधा'का लेखक कृष्ण धरावासीले आफ्नो तेत्तीसौं कृति 'भ्रान्ति पर्व' सार्वजनिक गरेका छन् । नेपाली साहित्यमा विशिष्ट पहिचान बनाएका उनी पछिल्ला केही वर्षदेखि अमेरिकामा बस्दै आएका छन् । प्रवासमा रहेर पनि उनले नेपाली साहित्य लेखनलाई निरन्तरता दिइरहेका छन् ।

'आधा बाटो', 'राधा', 'शरणार्थी', 'नागरा फल्स' र 'झोला' जस्ता चर्चित कृतिका लेखक धरावासी वर्षमा कम्तीमा एउटा पुस्तक लेख्ने प्रयास गर्छन् । 'जहाँ रहे पनि नेपाली साहित्यबाट टाढा छैन,' उनी भन्छन्, 'सकेसम्म वर्षमा एउटा पुस्तक लेख्ने प्रयास गर्छु ।'

कविता र गीतमा रुचि राख्ने साहित्यकार उमा सुवेदीले प्रवासमा रहँदा 'तोदा' उपन्यास लेखिन् । विदेशमा रहेका महिलाका जिम्मेवारी र समस्यालाई उपन्यासमा समेटेकी उनले साहित्यकार कृष्ण धरावासीबाट प्रेरणा पाएको बताउँछिन् ।

'म गीत र कवितामा रुचि राख्थें । आदरणीय साहित्यकार कृष्ण धरावासीले विदेशबाट एउटा आख्यान लिएर आउ भन्नुभयो,' उनी भन्छिन्, 'उहाँकै प्रेरणाले मैले 'तोदा' लेखेकी हुँ ।'

हाल नेपालमा रहेकी सुवेदी कामको सिलसिलामा इजरायल पुगेकी थिइन् । त्यहाँ रहँदा आफ्नो समय व्यवस्थापन गरेर साहित्य सिर्जना गर्ने गरेको उनको अनुभव छ । पृष्ठ २ मा

दसैंमा पनि ड्युटी

## अरूको खुसीका लागि खटिनेहरू

दसैं सबैका लागि बिदा र उत्सवको समय बनेको छैन । कतिपयका लागि यो अरूको यात्रा सुरक्षित बनाउने, बिरामीको उपचार गर्ने, सेवा अवरुद्ध हुन नदिने र सार्वजनिक जीवन सहज बनाउने जिम्मेवारी पूरा गर्ने समय हो ।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ३० असोज

देशभर दसैंको रौनक छाएको छ । बजारमा किनमेल गर्नेको भिड छ, गाउँ फर्किने यात्रुको लर्को छ र घरघरमा टीका तथा जमराको तयारी चलिरहेको छ । परिवारसँग भेटघाट गर्ने, मान्यजनबाट टीका-आशीर्वाद लिने र वर्षभरिको थकान बिर्सने पर्वका रूपमा दसैंलाई लिइन्छ । तर यही उत्सवका बीच अत्यावश्यक क्षेत्रका ठुलो जनशक्ति कार्यस्थलमै खटिरहेको छ ।

चिकित्सक र स्वास्थ्यकर्मीको दसैं अस्पतालमै बित्छ । सडकमा ट्राफिक प्रहरी यात्रुको आवागमन पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## कतारमा अवैध भिसा कारोबारीविरुद्ध कडा सजाय

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३० असोज

कतारमा अवैध भिसा कारोबार गर्नेहरूविरुद्ध कडा सजायको प्रावधान राखिएको छ । कतारको आन्तरिक मन्त्रालयले अवैध भिसा कारोबार तथा विदेशी कामदारको प्रवेश र बसोबाससम्बन्धी कानुन उल्लंघन गर्नेहरूलाई तीन वर्षसम्म कैद र एक लाख कतारी रियालसम्म जरिवाना हुन सक्ने चेतावनी दिएको छ । मन्त्रालयअन्तर्गतको खोज तथा अनुगमन विभागले बिहीबार पृष्ठ २ मा

### दसैंमा नेपाली दूतावास तीन दिन बन्द हुने

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, ३० असोज

नेपालीहरूको महान् चाड बडादसैंका अवसरमा मलेसियाको क्वालालम्पुरस्थित नेपाली दूतावास तीन दिन बन्द रहने भएको छ । नेपाली दूतावास पृष्ठ २ मा









मध्यान्ह
www.madhyanhadaily.com

३१ असोज २०८३ शनिबार
17 October 2026 Saturday

## परदेश...

लाग्छ ? किन आफ्ना अनुभूति र कल्पनालाई नेपाली भाषामा उतार्न चाहन्छन् ? निहारिकाको जवाफ छ, 'त्यसैले त देश भुल्न सकिने कुरा होइन भनेको नि ।'

मदन पुरस्कार विजेता निहारिकाको 'योगमाया' उपन्यासले २०७४ सालको मदन पुरस्कार प्राप्त गरेको थियो । नेपाली समाजमा विद्यमान जातीय विभेद, लैगिंक असमानता, धार्मिक रूढिवाद र सामाजिक अन्यायविरुद्ध संघर्ष गर्ने योगमायाको जीवन यसमा समेटिएको छ ।

विदेशमा बसेर नेपाली साहित्य सिर्जना गर्दा केही कठिनाइ हुने उनी बताउँछिन् । 'विदेशमा बसेर नेपाली साहित्य सिर्जना गर्दा केही असहजता छन्,' उनी भन्छिन्, 'संकलन गरिएका सामग्री अपुग हुन सक्छन् । त्यसका लागि पुनः नेपाल आउने वा सामग्री मगाउने गर्नुपर्छ ।'

पछिल्लो समय उनी शुद्ध आख्यानभन्दा ऐतिहासिक र सामाजिक विषयमा केन्द्रित छिन् । उनका अनुसार तथ्यमा आधारित साहित्य लेखन कल्पना मात्र पर्याप्त हुँदैन । 'तथ्यमा आधारित साहित्यका लागि कल्पना मात्र भएर पुग्दैन । सामाजिक, सांस्कृतिक र भौगोलिक ज्ञान हुन जरुरी छ । ज्ञान मात्र भएर हुँदैन, अध्ययन पनि जरुरी छ,' उनले भनिन् ।

नेपालमा रहँदा आवश्यक सामग्री संकलन गर्ने निहारिकाको दैनिकी अहिले पनि लेखनसँगै जोडिएको छ । 'नेपाल-अमेरिका आउजाउ भइरहने हुँदा अहिले सुटकेसमा किताब र सङ्कलन गरिएका सामग्री मात्र हुन्छन्,' उनले भनिन् ।

अमेरिकामा बस्दै आएकी निहारिकाको पछिल्लो उपन्यास 'राजमाता' हो । राजकाजमा महत्त्वपूर्ण भूमिका निर्वाह गरे पनि चर्चामा नआएका राजमाताहरूको योगदानको कदर हुनुपर्ने आवाज उपन्यासले उठाएको छ । उनका पुस्तकले विभिन्न पुरस्कार प्राप्त गर्दै आएका छन् । 'राजमाता'ले 'कविडाँडा राष्ट्रिय आख्यान पुरस्कार' प्राप्त गरेको छ । यही सिलसिलामा नेपाल आएकी उनी अर्को कृतिका लागि पनि सामग्री जुटाइरहेकी छन् ।

### पेसा फरक, भाषा र साहित्य एउटै

अमेरिकामा इन्जिनियरिङ पेसासँगै नेपाली साहित्य सिर्जना गरिरहेका केशवराज ज्ञवाली पनि प्रवासमा रहेर नेपाली साहित्यमा योगदान गरिरहेका सर्जक हुन् । उनको कथासङ्ग्रह 'अर्को भोर'ले २०७८ सालको पद्मश्री साहित्य पुरस्कार प्राप्त गरेको थियो । त्यसपछि उनको साहित्यिक यात्रामा ऐतिहासिक उपन्यास 'अज्ञात' थपिएको छ ।

'अर्को भोर'मा नेपाल र अमेरिकाको परिवेश समेटेका ज्ञवालीले 'अज्ञात'मा नेपालको इतिहासलाई विषय बनाएका छन् । इतिहासलाई एकपक्षीय रूपमा प्रस्तुत गर्ने परम्परालाई बदल्ने प्रयास गरेको उनी बताउँछन् ।

'इतिहासलाई एक नजरबाट हेर्ने र एक चरित्र अथवा व्यक्तिलाई हिरो बनाउने परम्परालाई तोड्ने प्रयास गरेको छु,' उनी भन्छन्, 'इतिहासलाई सन्तुलित पक्षबाट हेरिनुपर्छ ।'

बाल्यकालमा कविता लेख्न रुचाउने ज्ञवालीलाई साथीहरूले कवि भनेर जिस्काउँथे । त्यही रुचिले उनलाई अहिले आख्यानकारका रूपमा स्थापित गरेको छ । नेपालमा स्नातक गरेपछि स्नातकोत्तर अध्ययनका लागि अमेरिका पुगेका उनले हाइड्रो-इन्जिनियरिङको पढाइ पूरा गरे । अहिले उनी अमेरिकामै कार्यरत छन् ।

साहित्यभन्दा फरक पेसामा आबद्ध भए पनि उनले लेखनलाई निरन्तरता दिइरहे । सिर्जनाभन्दा बढी मेहनत पढाइ र अध्ययनमा खर्चिनुपर्ने उनको बुझाइ छ । राम्रो लेख्नका लागि पहिले राम्रोसँग पढ्न र विषय बुझ्न आवश्यक ठान्छन् उनी ।

### जहा बसे पनि नेपाल मनभित्रै

अमेरिकामै बसेर साहित्य सिर्जनामा सक्रिय अर्का सर्जक हुन् गोविन्द गिरी 'प्रेरणा' । उनको पछिल्लो कथासंग्रह 'अविधवा' हो । महिलालाई केन्द्रमा राखेर लेखिएका कथामा सामाजिक विषयवस्तु र नेपाली समाजको चित्र पाइन्छ ।

नेपाली समाजका बारेमा लेख्न नेपालमै बस्नुपर्छ भन्ने उनलाई लाग्दैन । 'सिर्जना जता बसेर गरे पनि समाज बुझे पुग्छ,' उनी भन्छन्, 'म त नेपालमै जन्मेको, नेपालमै हुर्केको र जागिर पनि नेपालमै गरेको मान्छे हुँ । मैले संसारको जुनसुकै कुनामा बसेर सिर्जना गर्दा पनि त्यहाँ नेपाल त आइहाल्छ नि ।'

उनलाई नेपालभन्दा अमेरिकामा बसेर सिर्जना गर्न सहज लाग्छ । 'मलाई त नेपालभन्दा अमेरिकामा बसेर सिर्जना गर्न सहज लाग्छ । त्यहाँ कसैलाई कसैको मतलब नै हुँदैन । आफूलाई जतिबेला मन लाग्यो, त्यतिबेला लेख्न पाइन्छ,' उनले भने ।

प्रवासमा पनि नेपालमा जस्तै साहित्यिक महोत्सव र कार्यक्रम हुने गरेको उनी बताउँछन् । 'म आफैं पनि आयोजक भएर त्यस्ता कार्यक्रमहरू गरेको छु,' उनी भन्छन्, 'नेपालबाट लेखकहरू पनि यस्ता कार्यक्रममा सहभागी हुन्छन् । हामी एकअर्कासँग जोडिइरहेका हुन्छौं ।'

### प्रकृति र समाजका कथा

पत्रकार एवं लेखक ददि सापकोटाको लेखनमा वातावरण, प्रकृति, पशुपन्छी र वन्यजन्तुका विषयले विशेष स्थान पाएका छन् । 'पन्छी जगत्', 'त्यो नेपाल', 'युरोप र वनको वैभव' र 'जीवगाथा' जस्ता उनका कृतिमा मानव, प्रकृति र विश्वजगत्का विविध पक्ष समेटिएका छन् ।

फ्रान्सलाई कर्मथलो बनाएका सापकोटा नेपाल आउँदा नयाँ अनुभव र अनुभूति संकलन गर्छन् । यहाँ के लेख्ने र के खोज्ने भन्ने योजना बनाएरै अध्ययन तथा अनुसन्धानमा जुट्ने गरेको उनी बताउँछन् । 'नेपाल आउँदा के लेख्ने भन्ने आधार र त्यसको कन्सेप्ट तयार हुन्छ । त्यहीअनुसार शोधखोज र अध्ययनमा लाग्छु,' उनी भन्छन्, 'भेटघाट गर्छु । तथ्य र पात्र खोजेर मात्र फ्रान्स फर्किन्छु र लेखनमा लाग्छु ।'

लेखक कहाँ बसेर लेख्छ भन्ने कुरा ठूलो विषय नभएको उनको बुझाइ छ । डिजिटल प्रविधिले टाढाबाटै संवाद, अध्ययन र तथ्य जाँच गर्न सहज बनाएको उनी बताउँछन् ।

'डिजिटल युगमा फ्रान्सबाट पनि लामो-लामो संवाद र कुराकानी गर्न तथा तथ्य जाँच गर्न सकिन्छ । त्यसैले युरोप बसेर लेख्ने र नेपाल आएर विमोचन गर्ने चलन हुँदै आएको छ,' उनले भने ।

## निरन्तर...

चितवनमा जन्मिएका जीवनाथ लामिछाने (जीवा) इन्जिनियरिङ अध्ययनका सिलसिलामा रुस पुगेका थिए । सानैदेखि साहित्यमा रुचि राख्ने उनी मूलतः नियात्रा लेखनमा परिचित छन् । 'सरसर्ती संसार', 'देश-देशावर' र 'अक्षत अन्टार्कटिका' उनका प्रकाशित कृति हुन् । यात्राका अनुभव, विभिन्न देशका समाज र संस्कृति तथा जीवनका विविध पक्ष उनका लेखनमा समेटिएका छन् ।

बेलायतमा रहेर नेपाली साहित्यमा सक्रिय कृष्ण बजगाईं र क्यानडामा बसेर कविता तथा अनुवादमा संलग्न अरुण बुढाथोकी पनि प्रवासमा नेपाली भाषासँग जोडिइरहेका सर्जक हुन् । गोवर्धन पूजा, राजव, अमोद भट्टराई, खेमनाथ दाहाल र सानु शर्मालगायत थुप्रै साहित्यकार विदेशमा रहेर नेपाली साहित्यमा योगदान दिइरहेका छन् ।

परदेशमा बस्ने यी साहित्यकारका सिर्जनामा नेपालका समाज, संस्कृति, इतिहास, प्रकृति र मानवीय सम्बन्धले ठाउँ पाइरहेका छन् । उनीहरूका लागि देश भौगोलिक सीमाभित्रको भूभाग मात्र होइन, सम्झना, अनुभव र पहिचान पनि हो । नेपालबाट टाढा रहँदा देश झन् बढी सम्झनामा आउने उनीहरूको अनुभव छ । त्यही सम्झनालाई शब्दमा उतार्दै उनीहरूले नेपाली साहित्यको दायरा फराकिलो बनाइरहेका छन् ।

## अरूको...

व्यवस्थापन गरिरहेका हुन्छन् । सुरक्षाकर्मी नागरिकको सुरक्षामा खटिएका हुन्छन् भने यातायात मजदुर यात्रुलाई गन्तव्यसम्म पुर्‍याउन सक्रिय हुन्छन् । होटल तथा रेस्टुरेन्टका कामदार, सरसफाइकर्मी, सञ्चारकर्मी र अत्यावश्यक सेवामा कार्यरत कर्मचारी पनि दसैंमा नियमित जिम्मेवारीबाट अलग हुन पाउँदैनन् । दसैं सबैका लागि बिदा र उत्सवको समय बनेको छैन । कतिपयका लागि यो अरूको यात्रा सुरक्षित बनाउने, बिरामीको उपचार गर्ने, सेवा अवरुद्ध हुन नदिने र सार्वजनिक जीवन सहज बनाउने जिम्मेवारी पूरा गर्ने समय हो । उनीहरूकै निरन्तर खटाइले चाडपर्वका बेला पनि जनजीवन सहज रूपमा सञ्चालन भइरहेको हुन्छ ।

### सुरक्षामा हजारौं प्रहरी

दसैं, तिहार र छठमा सार्वजनिक स्थानमा मानिसको आवागमन बढ्छ । बजारमा किनमेल गर्नेको भीड लाग्छ भने लामो बिदाको अवसरमा धेरै मानिस उपत्यकाबाट बाहिरिन्छन् । यस्तो अवस्थामा चोरी, लुटपाट, दुर्घटना र अन्य आपराधिक गतिविधि नियन्त्रण गर्नु सुरक्षा निकायका लागि थप चुनौतीपूर्ण हुन्छ । यही आवश्यकतालाई ध्यानमा राखेर सरकारले चाडपर्व लक्षित सुरक्षा योजना लागू गरेको छ । नेपाल प्रहरीका अनुसार दसैं, तिहार र छठलाई लक्षित गरी देशभर ५० हजारभन्दा बढी प्रहरी परिचालन गर्ने व्यवस्था गरिएको छ । काठमाडौं उपत्यकाका तीन जिल्लामा मात्रै दसैं सुरक्षाका लागि ८ हजार १५ जना प्रहरी परिचालन गरिएको प्रहरी प्रवक्ता अबिनारायण काफ्ले बताए ।

सुरक्षाकर्मीको यो परिचालनले नागरिकलाई ढुक्कसँग चाडपर्व मनाउने वातावरण बनाउन खोजिएको उनी बताउँछन् । तर यसका लागि खटिने प्रहरीका धेरै सदस्यले भने परिवारसँग बसेर दसैं मनाउने अवसर पाउँदैनन् । अरूको सुरक्षा सुनिश्चित गर्न उनीहरू चाडपर्वकै समयमा पनि आफ्नो जिम्मेवारीमा रहनुपर्छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार घटस्थापनादेखि अक्टोबर १६ को बिहानसम्म ३ लाख ४८ हजार ३१४ यात्रुले उपत्यका छाडेका थिए । यात्रुको चाप बढेसँगै सडकमा सवारीसाधनको व्यवस्थापन, दुर्घटना नियन्त्रण र यात्रुलाई सुरक्षित आवागमनको व्यवस्था मिलाउन ट्राफिक प्रहरी खटिएका छन् ।

सडकमा घण्टौं उभिएर सवारी आवागमन व्यवस्थित गर्ने ट्राफिक प्रहरीका लागि पनि दसैं कार्यस्थलमै बित्न सक्छ । यात्रुहरू सुरक्षित रूपमा घर पुगेर परिवारसँग चाड मनाउन सकून् भन्ने उद्देश्यले उनीहरूले आफ्नो बिदा र पारिवारिक भेटघाटलाई पछि सार्नुपर्छ ।

### सीमादेखि राजमार्गसम्म सुरक्षाकर्मी

दसैंमा सुरक्षाको जिम्मेवारी नेपाल प्रहरीमा मात्र सीमित हुँदैन । सीमा सुरक्षा, उद्धार, विपद् व्यवस्थापन र संवेदनशील क्षेत्रको निगरानीमा सशस्त्र प्रहरी बल नेपालका जनशक्ति पनि परिचालित हुन्छन् ।

सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता एवं डिआइजी नेत्रप्रसाद कार्कीले यस वर्ष दसैंमा २८ हजार १२६ जनशक्ति घर नगई ड्युटीमा खटिएका बताए । असोज २२ देखि लागू गरिएको योजनाअन्तर्गत उक्त जनशक्ति परिचालन गरिएको छ भने थप ४ हजार ५०० जनशक्तिलाई तयारी अवस्थामा राखिएको उनी बताउँछन् ।

चाडपर्वका बेला यात्रु तथा सर्वसाधारणलाई आवश्यक सहयोग उपलब्ध गराउन देशभर १४१ नागरिक सहायता कक्ष, १६ स्वास्थ्य सहायता कक्ष र १३ पर्यटक सहायता कक्ष स्थापना गरिएको छ । मुख्य राजमार्गमा उद्धारका लागि ३७ स्थानमा एम्बुलेन्ससहितको टोली परिचालन गरिएको छ भने १६ स्थानमा ठूलो संख्यामा घाइतेको उद्धार गर्न सक्ने सवारीसाधन तैनाथ गरिएको छ ।

सीमा सुरक्षाका लागि संयुक्त गस्ती, चेक प्वाइन्ट तथा पैदल र मोबाइल गस्ती परिचालन गरिने व्यवस्था गरिएको छ । संवेदनशील स्थानको निगरानीका लागि २१ ड्रोन र सीमा नाकामा रहेका ४१२ सीसीटीभी क्यामेरामार्फत २४सै घण्टा अनुगमन गर्ने व्यवस्था मिलाइएको सशस्त्र प्रहरीले जनाएको छ । यी व्यवस्थाले चाडपर्वमा सुरक्षा र उद्धार सेवालाई प्रभावकारी बनाउन खोजिएको देखाउँछन् । तर यस्ता सेवा सञ्चालनमा राख्न ठूलो जनशक्ति आवश्यक पर्छ । त्यसैले सर्वसाधारणले दसैं मनाइरहँदा सुरक्षाकर्मीको ठूलो हिस्सा भने कार्यस्थलमै जिम्मेवारी निर्वाह गरिरहेको हुन्छ ।

### बिरामीको उपचारमा स्वास्थ्यकर्मी

चाडपर्वमा अस्पतालको सेवा रोकिन सक्दैन । बिरामीको अवस्था, आकस्मिक दुर्घटना र अन्य स्वास्थ्य समस्याले बिदा कुर्दैनन् । त्यसैले अस्पतालका चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा एम्बुलेन्स चालकले दसैंमा पनि सेवा दिनुपर्छ ।

चिकित्सक र नर्सहरु अस्पतालमै व्यस्त हुन्छन् । 'बिदा मिलाउनै मुस्किल हुन्छ । स्वास्थ्य संवेदनशील क्षेत्र भएकाले पनि स्वास्थ्यकर्मी सबैलाई एकैपटक दसैं आउँदैन । पालो मिलाउनुपर्छ' ललमजुङमा कार्यरत डा गितु गैरेले भनिन् । चाडवाडका बेला दुर्घटनालगायत आकस्मिक बिरामी धेरै आउने भएकाले पनि ड्युटी छाड्न नमिल्ने उनी बताउँछिन् ।

परिवारसँग बसेर दसैं मनाउने चाहना हुँदाहुँदै बिरामीको उपचारलाई प्राथमिकता दिनुपर्ने अवस्था उनीहरूको पेसागत जिम्मेवारी हो । अस्पतालमा आकस्मिक सेवा सञ्चालन गर्न चिकित्सक तथा स्वास्थ्यकर्मीको पालो मिलाउनुपर्ने हुन्छ । एम्बुलेन्स चालक र अन्य सहयोगी कर्मचारी पनि आवश्यकताअनुसार तयारी अवस्थामा रहनुपर्छ ।

सडक दुर्घटना, बिरामीको आकस्मिक अवस्था र अन्य स्वास्थ्य समस्यामा तत्काल सेवा उपलब्ध हुनु नागरिकका लागि महत्त्वपूर्ण हुन्छ । स्वास्थ्यकर्मीको निरन्तर उपस्थितिले नै चाडपर्वका बेला पनि उपचार सेवा सञ्चालनमा रहन्छ ।

### सेवा अवरुद्ध हुन नदिने प्राविधिक

दसैंको समयमा विद्युत्, खानेपानी, दूरसञ्चार र इन्टरनेट सेवा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छन् । परिवारसँग सम्पर्क गर्न, यात्रा व्यवस्थापन गर्न र दैनिक काम सञ्चालन गर्न यी सेवाको सहज उपलब्धता आवश्यक पर्छ ।

विद्युत् आपूर्ति अवरुद्ध भएमा मर्मत गर्नुपर्ने हुन्छ । खानेपानीको आपूर्ति प्रभावित भएमा तत्काल समस्या समाधान गर्नुपर्छ । दूरसञ्चार तथा इन्टरनेटमा समस्या आएमा प्राविधिक कर्मचारी परिचालित हुनुपर्छ । यस्ता सेवा अवरुद्ध हुँदा चाडपर्वको समयमा समेत जनजीवन प्रभावित हुन सक्छ । त्यसैले सम्बन्धित निकायले आवश्यक जनशक्ति तयारी अवस्थामा राख्नुपर्ने हुन्छ ।

त्यस्तै, होटल तथा रेस्टुरेन्टका कर्मचारी, सरसफाइकर्मी, खाद्यान्न आपूर्तिमा संलग्न कामदार र सञ्चारमाध्यमका पत्रकार तथा प्राविधिक कर्मचारीले पनि दसैंमा काम गरिरहेका हुन्छन् । होटलमा पाहुनालाई खाना खुवाउनेदेखि सडक तथा सार्वजनिक स्थान सफा राख्ने र समाचारमार्फत नागरिकलाई सूचना उपलब्ध गराउनेसम्मका काम निरन्तर चलिरहेका हुन्छन् ।

चाडपर्वमा काम गर्नु जिम्मेवारी भए पनि श्रमिकको अधिकारलाई बेवास्ता गर्न मिल्दैन । सार्वजनिक बिदामा काम गर्ने कर्मचारी तथा श्रमिकले कानुनअनुसार पाउनुपर्ने सुविधा सुनिश्चित गर्नु रोजगारदाताको दायित्व हो ।

श्रम ऐन, २०७४ ले सार्वजनिक बिदा तथा साप्ताहिक बिदामा काम लगाइएका श्रमिकका लागि सट्टा बिदासम्बन्धी व्यवस्था गरेको छ । श्रम तथा रोजगार कार्यालय टेकुको सार्वजनिक जानकारीअनुसार अतिरिक्त समय काम गरेबापत पनि कानुनबमोजिम सुविधा पाउने व्यवस्था छ ।

त्यसैले चाडपर्वमा काममा खटिने श्रमिकलाई आवश्यक सुविधा, विश्राम र सट्टा बिदाको व्यवस्था गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्छ । कामको आवश्यकताका नाममा श्रमिकको पारिवारिक जीवन र अधिकारलाई बेवास्ता गर्नु उचित हुँदैन ।

दसैंको खुसी परिवारसँगै बसेर मनाउनु धेरैको चाहना हो । तर समाजका सबै मानिसले एकै समयमा बिदा लिन सम्भव हुँदैन । कसैले उपचार गरेर, कसैले सुरक्षा दिएर, कसैले यात्रुलाई गन्तव्यमा पुर्‍याएर त कसैले अत्यावश्यक सेवा सञ्चालन गरेर अरूको दसैं सहज बनाइरहेका हुन्छन् ।

उनीहरूका लागि पनि दसैं उत्तिकै महत्त्वपूर्ण छ । त्यसैले अरूको खुसीका लागि कार्यस्थलमा खटिने श्रमिकको योगदानको सम्मान गर्नु र उनीहरूको अधिकार सुनिश्चित गर्नु आवश्यक छ ।

## कतारमा...

आयोजना गरेको सेमिनारमा सन् २०१५ को कानुन नम्बर २१ का प्रावधानबारे जानकारी दिँदै यस्तो चेतावनी दिएको हो ।

विभागका हिरासत शाखा प्रमुख मेजर साउद हमाद अल्बुरैदीका अनुसार कामदार भर्ना गरेर अन्य संस्थामा काम गर्न दिने वा आफूले भर्ती नगरेका कामदारलाई काममा लगाउने कार्य कानुनविपरीत हो । यस्तो कसुरमा पहिलोपटक तीन वर्षसम्म कैद र ५० हजार रियालसम्म जरिवाना हुन सक्छ भने दोहोर्‍याएमा जरिवाना एक लाख रियालसम्म पुग्न सक्छ ।

त्यसैगरी, कामदारको आवासीय अनुमति (कतार आइडी) जारी वा नवीकरण गर्ने प्रक्रिया समयमै पूरा नगर्ने रोजगारदातालाई १० हजार रियालसम्म जरिवाना हुन सक्ने मन्त्रालयले जनाएको छ । आवासीय अनुमति समाप्त भएपछि निर्धारित समयभित्र नवीकरण प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्था छ ।

मन्त्रालयले रोजगारदातालाई कामदारको आवासीय अनुमति समयमै नवीकरण गर्न, रोजगारसम्बन्धी कानुनी प्रावधान पालना गर्न र अवैध भिसा कारोबारबाट टाढा रहन आग्रह गरेको छ । कानुनी हैसियतसम्बन्धी समस्या भएका विदेशी नागरिकलाई आवश्यक प्रक्रियाका लागि सम्बन्धित निकायमा सम्पर्क गर्न पनि मन्त्रालयले अनुरोध गरेको छ ।

## दसैंमा...

क्वालालम्पुरले शुक्रबार जारी गरेको सार्वजनिक बिदासम्बन्धी सूचनाअनुसार अक्टोबर २० देखि अक्टोबर २२ सम्म दूतावासका नियमित सेवा बन्द रहनेछन् । दूतावासले मलेसिया, इन्डोनेसिया, फिलिपिन्स गणराज्य तथा पूर्वी टिमोरमा बसोबास गर्ने सम्पूर्ण नेपाली नागरिकलाई बडादसैंको शुभकामना व्यक्त गर्दै बिदाबारे जानकारी गराएको हो ।

सूचनामा दूतावासका नियमित सेवा अक्टोबर २३ शुक्रबारदेखि पुनः सञ्चालन हुने उल्लेख छ । त्यसैले राहदानी, कागजात प्रमाणीकरणलगायत दूतावासबाट उपलब्ध हुने सेवा लिनुपर्ने नेपाली नागरिकलाई बिदाको समयलाई ध्यानमा राखेर आवश्यक कामको योजना बनाउन अनुरोध गरिएको छ ।

दूतावासले बिदाको अवधिमा आकस्मिक सहयोग आवश्यक परेमा हटलाइन नम्बरमा सम्पर्क गर्न आग्रह गरेको छ ।

दसैंको अवसरमा नेपालबाट टाढा रहेर मलेसियालगायत विभिन्न देशमा काम तथा बसोबास गरिरहेका नेपालीहरूलाई दूतावासले सुख, शान्ति र समृद्धिको शुभकामना दिएको छ ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०९/२७ मा दर्ता भएको **प्रा.लि.नं. २३२३७४** को **आर. एच. एन फर्मास्युटिकल्स प्रा. लि.** को मिति २०८३/०६/२५ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर : विरेन्द्र शिवाकोटी, इजाजत पत्र नं. २६७, ठेगाना : काठमाडौं, फोन नं. ९८५१०५५२४९**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०८/०३ दर्ता भएको **प्रा. लि. नं. २०२५७४** को **नमस्ते लुम्बिनी ट्राभल टुर्स एण्ड मल्टी एजेन्सी प्रा.लि.** को मिति २०८३/०६/२५ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बांकी भएमा वा खारेजि गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**लिक्विडेटरः दिपक खनाल, इजाजत पत्र नं. ६५८**
**ठेगाना : बानेश्वर, काठमाडौं, फोन नं. ९८५७८४१५०५**

**युएईमा रोजगार**

कम्पनीः NATIONAL PROJECTS SERVICES - L.L.C -S.P.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८३/०६/२९ — चलानी नं.: ६०२६२६३८ — L.T. No.: 348791

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Helpers | 60 | 0 | सम्बन्धित कामा दक्ष | 1000 | ४१,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen. Plumber | 35 | 0 | | 1500 | ६१,९९५ | | | | | | | |
| 3. | Mason - Concrete Works | 35 | 0 | | 1500 | ६१,९९५ | | | | | | | |
| 4. | Civil Steel Fixer | 35 | 0 | | 1500 | ६१,९९५ | | | | | | | |
| 5. | Carpenter | 35 | 0 | | 1500 | ६१,९९५ | | | | | | | |

अन्तर्वार्ता पि.आई.टि ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८३ कातिक ११, १२, १३, १४ गते (28, 29, 30, 31 October 2026) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कातिक १५ गते (1 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता बुटवल मल्टिपल ट्रेनिङ सेन्टर, रुपन्देही, बुटवलमा २०८३ कातिक १६ गते (2 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता सन्लाईट मल्टिपल ट्रेनिङ सेन्टर, नेपालगन्ज, बाँकेमा २०८३ कातिक १७ गते (3 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर इटहरी, सुनसरीमा २०८३ कातिक १८ गते (4 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता सि.पि होटल, बिर्तामोड, झापामा २०८३ कातिक १९ गते (5 November 2026) मा हुनेछ ।

कम्पनीः AXXON HR SOLUTIONS - SOLE PROPRIETORSHIP L.L.C. — शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८३/०५/०९ — चलानी नं.: ६०२६०२५६ — L.T. No.: 347028 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician. | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ७४,३९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Technical Helper | 4 | 0 | | 1300 | ५३,७२९ | | | | | | | |
| 3. | Scaffolder | 15 | 0 | | 1800 | ७४,३९४ | | | | | | | |

अन्तर्वार्ता पि.आई.टि ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८३ कातिक १५ गते (1 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर इटहरी, सुनसरीमा २०८३ कातिक १६ गते (2 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता सि.पि होटल, बिर्तामोड, झापामा २०८३ कातिक १७ गते (3 November 2026)
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ २०८३ कातिक १८ गते (4 November 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

NAUKRI NEPAL INTERNATIONAL RECRUITMENT PVT. LTD.
इजाजत पत्र नं. १८००/०८२/०८३
Beside Big Mart, Samakhusi, Townplanning, Kathmandu
Contact No.: 014979999, 014979888, 9714560910, 9714560912, 9714560916, 9714560917, (NIRAJAN THAPA 9714560919)
Email: naukrinepal@hotmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukrinepalinternational

**कुवेतमा रोजगार**

कम्पनीः SECRET FACTORY FOR THE PRODUCTION OF ALL TYPES OF GLASS — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०६/३० — चलानी नं.: ६०२६२६२८ — L.T. No.: 349530

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labours | 25 | 0 | स. काममा दक्ष | 100 | ४९,२६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कातिक ७ गते (24 October 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

SHARON MANPOWER SERVICES PVT.LTD.
Govt Lic. No.: 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Saroj Gautam : 9851038901, Basant Rana : 9801026390

**मलेसियामा रोजगार**

कम्पनीः TOP SECURITY FORCE — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८३/०६/३० — चलानी नं.: ६०२६२६३५ — LT. No.: 349705 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guards | 70 | 0 | स. काममा दक्ष | 1700 | ६३,२०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कातिक ७ गते (24 October 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

NICE RECRUITING AGENCY PVT. LTD.
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Suresh Panthi : 9851056928, Website: nicerecruitment.org
E-mail: nicerecruitingagency1062@gmail.com

**यूएईमा रोजगार**

कम्पनीः GUARDCORE SECURITY SERVICES SDN. BHD — शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८३/०६/३० — चलानी नं.: ६०२६२६३६ — L.T. No.: 349446

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard Male | 100 | 0 | स. काममा दक्ष | 1700 | ६३,२०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कातिक ७ गते (24 October 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 | Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४



**केराबारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**केराबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

(प्रकाशित मितिः २०८३/०६/३०)

यस कार्यालयको मिति २०८३।०६।०५ गते प्रथम पटक प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको कार्यको लागि निर्धारित समयसिमा भित्र हार्डकपी मार्फत रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र "औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमान भन्दा सारभुत रुपमा बढी नभएको" भएकाले सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा १ बमोजिम छनौट गरिएकाले सोही ऐनको उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. स. | ठेक्का नं./कामको विवरण | छनौट गरिएको बोलपत्रदाता | कबोल अंक रु (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|
| १ | KRMC/MOR/W/ NCB-01(2083/084), Asphalt Concreting of Dipu Dangi Road, KRM-06 | श्री भक्त चित्र कन्स्ट्रक्सन प्रा.लि., उर्लाबारी-०५, मोरङ | रु.१,१६,०६,१५७.०३।- |

**प्रमुख प्रशासकीय अधिकृत**

## मन्त्रिपरिषद् बैठकका निर्णय

# विपद् प्रभावित परिवारलाई मासिक १५ हजार तोकियो गहुँको समर्थन मूल्य



**काठमाडौं/मस-** सरकारले नेपाल विशेष सेवा (२१औं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्नेदेखि बाढीपहिरो प्रभावित स्थानीय तहलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नेसम्मका १३ निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले जापान सरकारबाट प्राप्त हुने २९५ मिलियन जापानी येन बराबरको वस्तुगत एवं सेवाजन्य आपत्कालीन अनुदान सहायता र जर्मनीबाट प्राप्त हुने २० मिलियन युरो अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको जानकारी दिए ।

उनका अनुसार मन्त्रिपरिषद्ले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको प्रस्तावमा बुढीगण्डकी विकास प्राधिकरण विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय भएको छ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रस्तावमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ का प्रारम्भ हुन बाँकी दफामध्ये दफा १७ को खण्ड (ङ), दफा २५ र दफा २६ संवत् २०८३ साल कात्तिक १५ गतेदेखि प्रारम्भ गर्ने निर्णय भएको छ ।

कृषि, वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा आर्थिक वर्ष २०८३/८४ का लागि गहुँ बालीको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ४ हजार १०७ रुपैयाँ तोक्ने निर्णय भएको छ ।

बुढीगण्डकी नदीमा आएको बाढीबाट अति प्रभावित गोरखा जिल्लाका चुमनुब्री गाउँपालिका, धार्चे गाउँपालिका र आरुघाट गाउँपालिका तथा धादिङ जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिकाका वडा नं. १ र २ लाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय भएको छ।

त्यस्तै, २०८३ असोज ८ गतेदेखि ११ गतेसम्म भएको वर्षाका कारण सिर्जित बाढी तथा पहिरोबाट अति प्रभावित बागलुङको गलकोट नगरपालिका र ढोरपाटन नगरपालिकालाई तीन महिनाको अवधिका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय भएको छ ।

बैठकले उक्त स्थानीय तहका क्षतिग्रस्त निजी आवासका प्रभावित परिवारले होल्डिङ सेन्टरमा नबसी निजी टहरोमा अस्थायी बसोबास व्यवस्थापन गर्न चाहेमा वैकल्पिक बसोबासको व्यवस्था नभएसम्म बढीमा ६ महिनाका लागि तत्काल राहतस्वरूप बसोबास र जीविकोपार्जनका लागि चार जनासम्मको सदस्य संख्या भएका परिवारलाई प्रतिपरिवार प्रतिमहिना १५ हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ । त्यस्तै ६ जनाभन्दा बढी सदस्य भएका परिवारका लागि प्रतिव्यक्ति प्रतिमहिना थप दुई हजार रुपैयाँ उपलब्ध गराउने निर्णयसमेत भएको छ ।

पूर्वाधार विकास मन्त्रालयको प्रस्तावमा सामुद्रिक पारवहन सहयोगसम्बन्धी बिमस्टेक सम्झौता अनुमोदनका लागि संघीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको छ। युवा, श्रम तथा रोजगार मन्त्रालयको प्रस्तावमा राष्ट्रिय रोजगारसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय भएको छ ।

त्यसैगरी, कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) (चौथो संशोधन) आदेश, २०८३ र दाना पदार्थ (दोस्रो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय भएको छ। पशु वधशाला र मासु जाँच ऐन, २०५५ तथा अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेका विधेयक संघीय संसद्समक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको छ ।

बैठकले आर्थिक वर्ष २०८१/८२ को व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णयसमेत गरेको छ ।

## मधेश सरकारबाट बाहिरियो एमाले, मन्त्रीहरूले दिए राजीनामा



काठमाडौं/मस- नेकपा एमाले मधेश प्रदेश सरकारबाट बाहिरिएको छ । नेकपा एमालेबाट मन्त्री रहेकाहरूले शुक्रबार नै मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई राजीनामापत्र बुझाएको हुन् ।

त्यस्तै एमालेका मन्त्रीहरुले प्रदेश प्रमुख डा. सुरेन्द्र लाभलाई समेत प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र बुझाएका छन् । मधेश सरकारबाट एमालेका श्रम तथा यातायातमन्त्री शारदादेवी थापा, खेलकुद तथा समाजकल्याण मन्त्री लखनदास, भौतिक पूर्वाधार विकास मन्त्री मोहम्मद समिर र शिक्षा तथा संस्कृतिमन्त्री मनोजकुमार सिंहले राजीनामा दिएका हुन् । मधेश प्रदेशमा नेपाली कांग्रेसका कृष्णप्रसाद यादव मुख्यमन्त्री छन् । गठबन्धनमा नेपाली कम्युनिस्ट पार्टी समेत रहेको छ। सरकार गठन गर्ने बेलामा १५ बुँदे सहमति भएको र सहमतिअनुसार मुख्यमन्त्रीले काम नगरेको र चालु आर्थिक वर्षमा पनि बजेटमा नेपाली कांग्रेसले मनोमानी ढंगले योजना राख्दा सहमति कायम रहन नसकेको एमालेका मधेश प्रदेश प्रमुख सचेतक हरिनारायण महतोले बताए। नयाँ सरकार कसरी बन्ने भन्नेबारेमा थप छलफल गरी अघि बढ्ने उनको भनाइ छ । ३० दिनभित्र विश्वासको मत प्राप्त गर्न नसके कुनै एक दलसँग सहकार्य गरेर सरकार बनाउने उनले बताए । उनले चालु आ.व.का बजेटमा कांग्रेसले एकपक्षीय हिसाबले बजेट बनाएको र एमालेले असन्तुष्टि जनाउँदै आएको बताए ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/१२/१३ मा दर्ता भएको **प्रा.लि.नं. ३०९८३५** को **एम ब्रिज डिजाईनर्स एण्ड इन्जिनियर्स प्रा. लि.** को मिति २०८३/०६/२९ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर : विरेन्द्र शिवाकोटी,
इजाजत पत्र नं. २६७, ठेगाना : काठमाडौं,
फोन नं. ९८५१०५५२४९**

**साउदीमा रोजगार**
कम्पनी : GLOBAL DISHES TRADING COMPANY
पूर्व स्वीकृत मितिः २०८३/०६/३० चलानी नं.: ६०२६२६३१
शहर : DAMMAM
LT. No.: 349458

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ७३,७४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कातिक ९ गते (26 October 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RELIANCE RECRUITMENT SERVICES PVT. LTD. Lic. No: 971/067/068
Maharajgunj, Chakrapath, Kathmandu, Nepal, Tel : 01-4519528, +977 9823034287 (Sarita Ghale)
Email : manager@relianceservice.com.np, Website : www.relianceservice.com.np

## निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ ।

| सि. नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदाबीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **डम्बर राजकुमारी मल्ल**<br>बाबु : देव विक्रम राणा<br>बाजे : चन्द्र विक्रम राणा | बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगर पालिका, सैन्बु आरस छत्र ब्लक, ललितपुर-२५, नेपाल | बचत खाता नं. ०११००१३६०२८०२ | तीनधारा | २०७९/०१/०८ | बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, नेपाल बस्ने किशोर जंग मल्ल (छोरा) |
| २ | **विवेक तामाङ**<br>बाबु : श्याम बहादुर तामाङ<br>बाजेः छिरिङ तामाङ | काभ्रेपलाञ्चोक जिल्ला पनौति न. पा.वडा नं. १ | बचत खाता नं. ०४२१००१७५०७२१३ | धुलिखेल | २०८३/०४/२१ | काभ्रेपलाञ्चोक जिल्ला पनौति न. पा.वडा नं. १ बस्ने जमुना तामाङ (श्रीमती) |
| ३ | **सीता देवी कार्की**<br>बाबु : सुरेन्द्र कुमार दाहाल<br>बाजे : चन्द्र बहादुर दाहाल | आङना पाँचथर जिल्ला, वडा नं ५ | बचत खाता नं ०८३१००१७५००६१७ | कुमारीपाटी | २०८३/०५/०७ | आङना पाँचथर जिल्ला, वडा नं ५ मा बस्ने बविन कार्की (छोरा) |
| ४ | **ऋषिकेश शर्मा दाहाल**<br>बाबु : लोकनाथ दाहाल<br>बाजे : नन्दलाल दाहाल | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२, काठमाण्डौ | बचत खाता नं. २२६१००१७५०४२९८ | कोटेश्वर | २०८२/०५/२८ | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२, बस्ने बालकुमारी शर्मा दाहाल (श्रीमती) |
| ५ | **सरस्वती बस्नेत**<br>पति : कृष्ण बहादुर बस्नेत<br>ससुरा : चन्द्र बहादुर बस्नेत | हेटौडा उपमहानगरपालिका वडा नं. ८ | बचत खाता नं. ०२३१००१७५२०१७१ | हेटौडा | २०८३/०४/३० | हेटौडा उपमहानगरपालिका वडा नं.८ बस्ने कृष्ण बहादुर बस्नेत (पति) |
| ६ | **अप्सरा थपलिया**<br>बाबु : भरत राज पाठक<br>बाजे : जानकी दत्त पाठक<br>आमाः बल कुमारी पाठक | नुवाकोट जिल्ला पन्चकन्या गाउँपालिका वडा नं ०५ | बचत/चल्ती खाता नं. ४७१००१७५०४१०७ र ४७०१०१७५००४०० | धापासी | २०८३/०३/३१ | नुवाकोट जिल्ला, पन्चकन्या गाउँपालिका वडा नं ०५ बस्ने विदुर थपलिया (श्रीमान) |
| ७ | **रिता थापा**<br>बाबु : शरन बहादुर थापा मगर<br>बाजे : शेर बहादुर थापा मगर | बिदुर नगरपालिका वडा १०, गेर्खु नुवाकोट | बचत खाता नं ३७१००१७५०७२८७ | बालाजु | २०८३/०५/१० | बिदुर नगरपालिका वडा १०, नुवाकोट नमराज थापा (श्रीमान) |
| ८ | **किली पेम्बा शेर्पा**<br>बाबु : लाक्पा तेन्जिन शेर्पा<br>बाजे : सिता शेर्पा | जिल्ला दोलखा जिल्ला गौरिशंकर गाउँपालिका वडा नं. ९ | बचत खाता नं. १९११००१७५०८२०१ | बौद्ध रामहिटी | २०८३/०४/१४ | जिल्ला दोलखा जिल्ला गौरिशंकर गाउँपालिका वडा नं. ९ बस्ने टासी ल्हमु लामा (श्रीमती) |
| ९ | **सानुबाबु तामाङ**<br>बाबु : राम बहादुर तामाङ<br>बाजे : लाइटे तामाङ | काठमाण्डौं जिल्ला, चन्द्रागिरी नगरपालिका वडा नं. २ | बचत खाता नंः ०२१००१७५५३४०२ | न्युरोड | २०७२/०३/०९ | काठमाण्डौं जिल्ला, चन्द्रागिरी नगरपालिका वडा न २ बस्ने लक्ष्मी तामाङ (श्रीमती) |
| १० | **ठाठु राम राना**<br>बाबु : फिसादी राना<br>बाजे : सखारा राना | कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. १० | बचत खाता नंः २४८१००१७५०१५६७ | कलकत्ता | २०८३/०५/०८ | कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. १० बस्ने श्रीमती अनुक राम राना |
| ११ | **प्यारे लाल चौधरी**<br>बाबु : बुधि राम चौधरी<br>बाजे : जग राज खाड डगौरा | कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. ८ | बचत खाता नंः २४८१००१७५०९७३६ | कलकत्ता | २०८३/०४/१८ | कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. ८ बस्ने श्रीमती निर्मला चौधरी |
| १२ | **बिष्णु दत्त जोशी**<br>बाबु : नन्दलाल जोशी<br>बाजे : दत्तराम जोशी | स्थायी- बझाङ्ग जिल्ला, बित्थडचिर गा.पा.वडा नं. ०७<br>हाल- बझाङ्ग जिल्ला, बित्थडचिर गा.पा.वडा नं. ०७ | बचत खाता नंः ७०१००१७५०११७८ | बित्थडचिर | २०८२/१०/२२ | बझाङ्ग जिल्ला, बित्थडचिर गा.पा.वडा नं. ०७ बस्ने श्रीमति सरिता कुमारी अवस्थी (श्रीमान) |
| १३ | **तेज बहादुर महत**<br>बाबुः जित बहादुर महत<br>बाजेः मान बहादुर महत | रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं ८ | बचत खाता नं १०३१००१७५०५१५८ | चन्द्रपुर | २०८३/०५/०८ | रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं ८ मा बस्ने सुर्य कुमारी कुवँर (श्रीमती) |
| १४ | **लक्ष्मिनिया दीनववर्नी**<br>बाबु : लखन सिंह<br>बाजे : खट्टर सिंह | सिराहा जिल्ला, अर्नमा गाँउपालिका वडा नं. २ | बचत खाता नं. २२४१००१७५०००१८<br>सां.सु खाता नं. २२४१००१७५०११७३ | अर्नमा | २०८०/१२/२१ | सिराहा जिल्ला, अर्नमा गाँउपालिका वडा नं. २ बस्ने श्री रनबीर सिंह दोनवार (श्रीमान) |
| १५ | **राकेश कुमार पटेल**<br>बाबु : बृजा राउत कुर्मी<br>बाजे : फेकु राउत कुर्मी | पर्सा जिल्लाः पर्सागढी नगरपालिका वडा नं ७ | बचत खाता नं. ००६१००१७५१४६०४ | वीरगंज पावर हाउस चोक | २०८२/१२/२० | पर्सा जिल्ला पर्सागढी नगरपालिका वडा नं ७ बस्ने बृजा राउत कुर्मी (बाबु) |
| १६ | **मुईसानी तामाङ**<br>बाबु : सेते मान तामाङ<br>बाजे : परमन तामाङ<br>श्रीमान : नासिर तामाङ | नुवाकोट जिल्ला, साबिक वडा न.२ , दुप्चेश्वर, नुवाकोट | बचत खाता नं.: १७११००१७५०२७५३ | बट्टार | २०८३/०५/ १२ | नुवाकोट जिल्ला, दुप्चेश्वर न.पा वडा न. २ बस्ने गोवीराम तामाङ (छोरा) |
| १७ | **कृष्ण बहादुर ठकुरी**<br>बाबु : हिक्मत बहादुर ठकुरी<br>बाजे : हर्क बहादुर ठकुरी | तेह्रथुम जिल्ला, छथर गा.पा. वडा नं ४ | बचत खाता नं. २१२१००१७५०१५८८ | छथर | २०८३/०२/२१ | तेह्रथुम जिल्ला, छथर गा.पा. वडा नं ४ बस्ने रोम कुमारी ठकुरी (श्रीमती) |
| १८ | **गम्भीरा राउत कुर्मी**<br>बुबा : भोला राउत कुर्मी<br>बाजे : मुन्सी राउत | बारा जिल्ला, परवानीपुर गा.वि.स वडा नं ४ | बचत खाता नं. ०५१००१७५०८०७४ | विरगंज | २०८३/०५/०६ | बारा जिल्ला, परवानीपुर गा.वि.स वडा नं ४ बस्ने रामपति देवी कुर्मीन (श्रीमती) |
| १९ | **विलसिया देवी**<br>बाबुः जगिर राय<br>ससुराः श्यामधारी राय<br>पत्नीः खहेरु राय | जिल्ला सर्लाही कौडेना गा.पा. वडा नं.७<br>साविक जिल्ला सर्लाही सकौल गा. वि. स. वडा नं. २ | बचत खाता नं. २१८१००१७५१३७८२ | कौडेना | २०८३/०२/१३ | जिल्ला सर्लाही कौडेना गा.पा. वडा नं.७ बस्ने खहेरु राय (पति) |
| २० | **मधुर देव भट्टराई**<br>बाबु : नन्द देव भट्टराई<br>बाजे : बासु देव भट्टराई | बागमती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, कुमारी मार्ग, डिल्लीबजार, काठमाण्डौं -३०, नेपाल | बचत खाता नं. १७१००१७५०७७८५ | तीनधारा | २०८३/०५/२५ | बागमती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, कुमारी मार्ग, डिल्लीबजार, काठमाण्डौं -३०, नेपाल बस्ने रुस्का भट्टराई (श्रीमती) |
| २१ | **मथुरा प्रसाद मास्के**<br>बाबु : काजी मान मास्के | बागमती प्रदेश, काठमाण्डौं जिल्ला, चन्द्रागिरी महानगरपालिका, काठमाण्डौं -१५, नेपाल | बचत खाता नं. ०११००१३९९६६०१ | तीनधारा | २०७०/०३/१० | लुम्बिनी प्रदेश, रुपन्देहि जिल्ला, वडा नं -०८, बुटवल, नेपाल बस्ने क्रान्ति कुमार मास्के (छोरा) |
| २२ | **वोङछु शेर्पा**<br>बाबु : दाकिपा शेर्पा<br>आमा : दाकिन्जुम शेर्पा<br>श्रीमती : डिम दिकी शेर्पा | कोशी प्रदेश, सोलुखुम्बु जिल्ला पासाङल्हामु गाउँपालिका वार्ड नं १ | बचत खाता नं. ३५१००१७५०९७१९ | चाबहिल | २०८३/०४/१२ | कोशी प्रदेश, सोलुखुम्बु जिल्ला पासाङल्हामु गाउापालिका वार्ड नं १ बस्ने डिम दिकी शेर्पा (श्रीमती) |
| २३ | **विष्णु लुइटेल**<br>बाबु : तिल बहादुर खत्री<br>श्रीमान : बल बहादुर लुइटेल | जिल्ला भोजपुर, साल्पासिलिछो गाउँपालिका वडा नं २ (साविक कुलुङ्ग-७ भोजपुर ) | बचत खाता नं. २१६१००१७५०५१३० | साल्पासिलिछो | २०८३/०२/२७ | भोजपुर जिल्ला, साल्पासिलिछो गाउँपालिका वडा नं२ (साविक कुलुङ्ग-७ भोजपुर) बस्ने बल बहादुर लुइटेल (श्रीमान) |
| २४ | **तारा बहादुर खड्का**<br>बाबु : कलु खड्का<br>आमा : कलसा खड्का | लुम्बिनी प्रदेश, दाङ जिल्ला, तुल्सीपुर उप महानगर पालिका वडा नं. १८ | बचत खाता नं. २६१००१७५०३६१२ | घोराही | २०८२/१०/२० | रुकुम पश्चिम जिल्ला, मुसीकोट नगरपालिका वडा नं. १ बस्ने टेक बहादुर खड्का (छोरा) |
| २५ | **श्याम कृष्ण तिम्सिलना**<br>बाबु : राम प्रसाद तिम्सिलना<br>बाजे : देव दत्त तिमील्सिना | काठमाण्डौ महानगरपालिका वडा नं. बालाजु १६ काठमाण्डौ | बचत खाता नं. ०२१००१७५५०५०४ | बालाजु | २०८३/०५/२५ | काठमाण्डौ महानगरपालिका वडा नं. बालाजु १६ बस्ने लक्ष्मी तिम्सिलना (श्रीमती) |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# परदेशको उत्सव नेपाली आत्मीयता



● पीपलमणि सिग्देल
न्युयोर्क

*परदेशले जीवनका अवसर दिएको छ, तर देशको माया र परिवारको आत्मीयताको मूल्य पनि उत्तिकै गहिरोसँग बुझाएको छ । हामी केवल नेपालबाट अमेरिका आएका मानिस होइनौं, हामीभित्र नेपाल बोकेर हिँडेका मानिस हौं ।*

दसैं एउटा चाड मात्र होइन, यो नेपाली मनको उत्सव हो । परिवारको मिलन, अग्रजको आशीर्वाद, बाल्यकालको स्मृति र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको संस्कारको जीवन्त अभिव्यक्ति हो। रातो टीका, पहेँलो जमरा, नयाँ लुगा, मिठा परिकार, घरआँगनको चहलपहल र गाउँघरमा गुन्जिने मालश्रीका धुनसँग नेपाली जीवनको गहिरो भावनात्मक सम्बन्ध गाँसिएको छ । तर जब यही दसैं सात समुद्रपारि अमेरिकाको व्यस्त जीवनमा मनाउनुपर्छ, तब यसको अनुभूति केही फरक हुन्छ। यहाँ उत्सव त हुन्छ, तर त्यसको अन्तर्यमा सम्झना, संवेदना र जन्मभूमिप्रतिको गहिरो तिर्सना पनि मिसिएको हुन्छ ।

सन् २००८ मा अमेरिका आएदेखि सुरुका केही वर्ष दसैंको टीका लगाउनसमेत बिदाको दिन कुर्नुपर्ने बाध्यता थियो । कामको व्यस्तता, समयको अभाव र जीवनयापनका अनेक जिम्मेवारीबीच दसैं मनाउनु आफैंमा चुनौती थियो। पात्रोले दसैं आएको जनाउँथ्यो, पारिवारिक आत्मीयता र सामूहिक उल्लास सहजै प्राप्त हुँदैनथ्यो ।

समयक्रमसँगै अमेरिकामा नेपाली समुदायको विस्तार भयो। नेपाली सामाजिक संस्थाले दसैं-तिहारका सांस्कृतिक कार्यक्रम आयोजना गर्न थाले । दुर्गापूजा, नेपाली गीत-संगीत, सांस्कृतिक प्रस्तुति, सामूहिक भेटघाट र शुभकामना आदानप्रदानले परदेशी जीवनमा नेपालीपनको नयाँ उज्यालो थपे । नेपाली मन्दिरहरूमा जमरा राख्ने, दुर्गा भवानीको पूजा गर्ने र विजयादशमीलाई श्रद्धा तथा उल्लासका साथ मनाउने परम्परा पनि विकसित हुँदै गएको छ । मन्दिरमा भेला भएका नेपालीको अनुहारमा देखिने प्रसन्नता र पूजापाठको वातावरणले केही क्षणका लागि भए पनि नेपालमै पुगेको अनुभूति गराउँछ । यस्ता सामूहिक प्रयासले हाम्रो संस्कृतिलाई जीवित राख्नुका साथै नयाँ पुस्तालाई आफ्नो भाषा, परम्परा र पहिचानसँग जोड्ने महत्त्वपूर्ण काम गरेका छन् ।



घरमा पनि जमरा राखिन्छ, आफन्तहरू आउनुहुन्छ, हामी अरूका घरमा जान्छौं, टीका लगाउँछौं, आशीर्वाद लिन्छौं र मिठा परिकार बनाएर सँगै खान्छौं । यी सामान्यजस्ता लाग्ने गतिविधिले परदेशको जीवनमा असाधारण आत्मीयता थप्छन्। केही घण्टाको भेटघाटले पनि मनलाई ठुलो सन्तोष दिन्छ । आफ्नै भाषा बोल्न पाउनु, बाल्यकालका सम्झना साट्नु र नेपाली संस्कृतिको न्यानोपन अनुभव गर्न पाउनु परदेशमा दसैंको विशेष उपलब्धि हो ।

तथापि, अमेरिकामा दसैं मनाउने क्रममा तिथिमिति र टीकाको साइतसम्बन्धी अन्योल अझै देखिन्छ। यहाँको स्थानीय समयअनुसार गरिने तिथि गणना र नेपालमा प्रचलित टीकाको साइतबीच कहिलेकाहीँ भिन्नता पर्छ। कतिपयले स्थानीय तिथि र मुहूर्तअनुसार टीका लगाउँछन् भने कतिपयले नेपालमा टीका लगाएपछि मात्र लगाउने मान्यता राख्छन्। फलस्वरूप, एउटै समुदायका मानिसले पनि फरक-फरक दिनमा दसैं मनाउने अवस्था सिर्जना हुन्छ। यसले सामूहिक भेटघाट र उत्सवको एकरूपतामा केही अन्योल थपेको छ । स्थानीय समय, परम्परा र शास्त्रीय मान्यताबारे आपसी संवाद र सहमतिमार्फत यसलाई सहज बनाउन सके परदेशको दसैं अझ व्यवस्थित र आत्मीय बन्नेछ ।

तर परदेशको दसैंको सबैभन्दा गहिरो अनुभूति यसको बाहिरी उल्लासमा होइन, मनभित्र लुकेका सम्झनामा भेटिन्छ । आफन्तसँग हाँस्दै टीका लगाइरहँदा पनि माता-पिताको अनुहार आँखाअगाडि आउँछ। जन्मभूमिको घरआँगन, गाउँको बाटो, चौतारीमा झुन्डिएको पिङ, बालसखाहरूको हाँसो र आफन्तसँगको आत्मीय भेटघाट स्मृतिमा ताजा भएर आउँछन्। नेपालमा हुँदा सामान्य लाग्ने ती क्षण अमेरिकामा आएपछि जीवनकै अमूल्य सम्पत्ति रहेछन् भन्ने महसुस हुन्छ ।

यहाँको दसैंमा पनि हाँसो छ, रौनक छ र आत्मीयता छ । तर त्यो हाँसोको भित्री तहमा कहिलेकाहीँ आँखा टिलपिल पार्ने पीडा पनि हुन्छ। फोन वा भिडियो कलमा माता-पिताको अनुहार हेरेर आशीर्वाद लिनु, टाढाबाट आफन्तसँग शुभकामना साट्नु र पुराना तस्बिर हेरेर चित्त बुझाउनु परदेशी जीवनका आफ्नै बाध्यता हुन् ।

हजारौं माइलको दूरीले शरीरलाई टाढा राख्न सक्छ, तर मायालाई टाढा बनाउन सक्दैन । मनको एउटा कुनामा सधैं नेपाल बसेको हुन्छ, जहाँ हाम्रा सम्झना, सम्बन्ध र भावनाका असंख्य धागाहरू जोडिएका हुन्छन् ।

हामी संसारको जुनसुकै कुनामा पुगे पनि हाम्रो अस्तित्वको गहिराइमा नेपाली माटोको सुगन्ध बसिरहेको हुन्छ । रुखका हाँगामा नयाँ पात पलाउन सक्छन्, फूलहरू नयाँ ठाउँमा फुल्न सक्छन् र हावाले बीउलाई टाढा-टाढासम्म पुऱ्याउन सक्छ, तर रुखको जीवन आफ्ना जरासँग जोडिएको हुन्छ। हाम्रो जीवन पनि त्यस्तै हो। हामी अमेरिकामा छौं, हाम्रा सन्तान यहीँ हुर्किरहेका छन् र हाम्रो कर्मभूमि यही बनेको छ । तर हाम्रो मनको गहिराइमा नेपाल, नेपाली भाषा, संस्कृति, संस्कार र पुर्खाहरूको स्मृति सधैं जीवित छन् । हामीले संसारमा जता पात पलाए पनि आफ्ना जरालाई बिर्सन सक्दैनौं ।

दसैंले यही सत्यलाई हरेक वर्ष अझ प्रगाढ बनाउँछ। जमराको पहेँलो रङमा हामी गाउँको माटो देख्छौं, टीकाको रातो रङमा माता-पिताको स्नेह अनुभव गर्छौं र अग्रजका हातबाट प्राप्त आशीर्वादमा पुर्खाहरूको निरन्तरता महसुस गर्छौं । कहिलेकाहीँ लाग्छ, अमेरिकामा जमरा उमार्नु भनेको आफ्नै बाल्यकाल, गाउँ र स्मृतिहरूलाई फेरि एकपटक जीवित बनाउनु हो। हामी केवल चाड मनाइरहेका हुँदैनौं, आफ्ना जरासँगको सम्बन्धलाई पनि नवीकरण गरिरहेका हुन्छौं ।

त्यसैले हाम्रा सन्तानले दसैंको टीका लगाउँदा त्यसको रातो रङ मात्र नदेखून्, त्यसमा लुकेको प्रेम, त्याग, इतिहास र पुर्खाको आशीर्वाद पनि बुझून् । उनीहरूले नेपाल नदेखेका भए पनि नेपालीपन अनुभूत गर्न सकून्। समयले हाम्रा ठेगाना बदल्न सक्छ, पुस्ताले बोल्ने भाषा र जीवनशैली बदलिन सक्छ, तर आफ्नो जरा चिन्न सक्ने चेतना बाँकी रह्यो भने पहिचान हराउँदैन। हामीले परदेशमा संस्कृतिको फूल फुलाउनुपर्छ, तर त्यसको जरालाई मातृभूमिको माटोसँग जोडिराख्नुपर्छ।

परदेशले जीवनका अवसर दिएको छ, तर देशको माया र परिवारको आत्मीयताको मूल्य पनि उत्तिकै गहिरोसँग बुझाएको छ। हामी केवल नेपालबाट अमेरिका आएका मानिस होइनौं, हामीभित्र नेपाल बोकेर हिँडेका मानिस हौं । हाम्रो शरीरले यहाँ जीवन बिताए पनि सम्झनाको एउटा अंश सधैं गाउँको आँगनमा, माता-पिताको काखमा र बाल्यकालको पिङमा झुन्डिरहेको हुन्छ। त्यसैले परदेशको दसैंमा आँखा रसाउनु कमजोरी होइन, आफ्नो जराप्रतिको अगाध प्रेमको प्रमाण हो ।

दसैंको वास्तविक विजय बाहिरी उत्सवमा मात्र होइन, द्वेषमाथि प्रेमको, निराशामाथि आशाको र दूरीमाथि आत्मीयताको विजयमा निहित छ । दसैंले हाम्रो मन नेपाली बनाइरहोस्, परिवारसँगको सम्बन्ध आत्मीय राखोस् र संस्कृतिको दीप पुस्तौंसम्म बलिरहोस् । परदेशको आकाशमुनि टीका र जमरासँगै यही कामना गर्छु-सबैका घरमा सुख, शान्ति र समृद्धि छाओस्, टाढिएका मनहरू नजिकिऊन् र संसारको जुनसुकै कुनामा पुगे पनि नेपालीहरू आफ्ना जरासँग जोडिइरहून्।

विजयादशमीको हार्दिक मंगलमय शुभकामना !

# ज्यान साउदीमा मन नेपालमै



● विष्णु घिमिरे
साउदी अरब

*नेपालमा दसैंको रौनक छाउँदा साउदी अरबमा कार्यरत नेपाली श्रमिक परिवारको सम्झनामा डुब्छन् । रोजगारी र आर्थिक जिम्मेवारीले घर फर्कन नपाए पनि उनीहरू छोराछोरीका लागि खर्च पठाउँछन्, भिडियो कलबाट टीका हेर्छन् र परदेशमै दसैंको खुसी खोज्छन् ।*

नेपालमा दसैंको चहलपहल बढेको छ । बजारमा नयाँ लुगा किन्नेको भीड छ, घरआँगन सफा गरिँदै छन् । बालबालिका टीका र जमरा लगाउन आतुर छन् भने परिवारका सदस्य परदेशबाट आफन्त फर्किने प्रतीक्षामा छन् ।

तर नेपालमा दसैंको रौनक छाइरहँदा साउदी अरबमा कार्यरत नेपालीको मन भने घरदेश सम्झेर भावुक हुन्छ । परिवारबाट टाढा रहेर विदेशी भूमिमा पसिना बगाइरहेका उनीहरूका लागि दसैं केवल चाड होइन, पारिवारिक सम्बन्ध र आत्मीयताको प्रतीक पनि हो। परिवारको भविष्य बनाउन मेहनत गर्न पाएको सन्तुष्टि एकातिर हुन्छ, अर्कोतिर प्रियजनसँगै बसेर चाड मनाउन नपाएको पीडा ।



**काममा व्यस्त, मन घरतिर**

साउदी अरब नेपाली श्रमिकको प्रमुख गन्तव्यमध्ये एक हो । यहाँ निर्माण, उद्योग, होटल, रेस्टुरेन्ट, सुरक्षा, यातायात र विभिन्न कम्पनीमा नेपाली कार्यरत छन् । उनीहरूमध्ये धेरैका लागि दसैंमा घर फर्कन सम्भव हुँदैन। कसैलाई कम्पनीले बिदा दिँदैन, कसैलाई आर्थिक अवस्थाले साथ दिँदैन । हवाई टिकटको खर्च र पारिवारिक जिम्मेवारी पनि घर फर्कन नसक्नुका कारण हुन् । कतिपय नेपाली दसैँकै दिन नियमित काममा खटिन्छन् । काममा व्यस्त भए पनि उनीहरूको मन भने परिवारसँगै हुन्छ ।

आमाबुबाको आशीर्वाद, छोराछोरीको खुसी र गाउँघरमा आफन्त भेला भएको सम्झनाले उनीहरूलाई भावुक बनाउँछ । भिडियो कलबाट परिवारसँग कुरा गर्न र टीका लगाएको हेर्न सकिए पनि मोबाइलको पर्दाले सँगै बसेर दसैं मनाउँदाको आत्मीयता दिन सक्दैन ।

**साथीभाइसँग दसैं**

साउदीमा रहेका नेपालीले काम, बिदा र सुविधाअनुसार दसैं मनाउँछन् । बिदा पाउनेहरू साथीभाइसँग भेटघाट गर्छन्, नेपाली परिकार बनाउँछन् र सम्भव भएसम्म टीका तथा जमरा लगाउँछन् । कतिपय एउटै कोठामा बसेर खाना बनाउँछन् भने कतिपय नेपाली रेस्टुरेन्टमा भेला भएर खुसी साट्छन्। परिवारका सदस्य साथमा नभए पनि साथीभाइ नै परिवारजस्ता बन्छन् । उनीहरू एकअर्कालाई शुभकामना दिन्छन्, मीठो खानेकुरा बाँड्छन् र घरपरिवारका कुरा गर्छन्। नेपाली समुदायका संघसंस्थाले पनि अवसरअनुसार भेटघाट र सामूहिक कार्यक्रम आयोजना गर्छन्। यस्ता गतिविधिले परदेशमा रहेका नेपालीलाई आफ्नो संस्कृति र परम्परासँग जोडिराख्न मद्दत गर्छन्। तर सबैले सामूहिक रूपमा दसैं मनाउन पाउँदैनन् । कतिपय श्रमिक कम्पनीको आवासमै सीमित हुन्छन् भने कतिपय लामो समयसम्म काम गर्न बाध्य हुन्छन्। उनीहरूका लागि दसैंको खुसी परिवारसँग फोनमा कुरा गर्नु र केही समय साटासाट गर्नुमा सीमित हुन्छ ।

**परिवारको खुसीका लागि**

विदेशमा रहेका नेपालीका लागि दसैं भावनासँगै आर्थिक जिम्मेवारी पनि हो। नेपालमा रहेका परिवारले नयाँ लुगा, खाद्यान्न र घरखर्चका लागि परदेशमा रहेका आफन्तबाट सहयोगको अपेक्षा गरेका हुन्छन् । त्यसैले धेरै नेपालीले दसैं नजिकिँदा घरमा पैसा पठाउँछन् । आफूले नयाँ लुगा किन्न नसके पनि छोराछोरीका लागि पैसा पठाउने र व्यक्तिगत चाहनाभन्दा परिवारको खुसीलाई प्राथमिकता दिने श्रमिक धेरै छन्। छोराछोरीले नयाँ लुगा लगाएको र घरमा दसैं मनाएको खबरले उनीहरूलाई सन्तुष्टि दिन्छ । तर ऋण, आर्थिक दबाब र परिवारको अपेक्षाले चाडको खुसीलाई बोझिलो पनि बनाउँछ । विदेशमा कमाएको रकमले परिवारको आवश्यकता पूरा गर्नुपर्ने जिम्मेवारीले उनीहरूको व्यक्तिगत चाहना ओझेलमा पर्छ ।

साउदी अरबमा रहेका नेपालीले आफ्नो श्रममार्फत परिवारको जीवनस्तर सुधार्न र नेपालको अर्थतन्त्रमा योगदान पुऱ्याउँदै आएका छन् । उनीहरूले पठाउने विप्रेषणबाट धेरै परिवारको शिक्षा, स्वास्थ्य र दैनिक जीवनयापनमा सहयोग पुगेको छ ।

तर श्रमिकलाई आर्थिक स्रोतका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन। उनीहरू पनि सपना, चाहना र पारिवारिक सम्बन्ध भएका मानिस हुन्। चाडपर्वमा परिवारसँग बस्न नपाउँदाको भावनात्मक पीडा बुझ्न आवश्यक छ । रोजगारदाताले सम्भव भएसम्म चाडपर्वमा बिदाको व्यवस्था गर्न सके श्रमिकलाई राहत मिल्न सक्छ। नेपाली दूतावास र समुदायका संघसंस्थाले पनि उनीहरूको अवस्था बुझ्दै सहयोगका गतिविधि सञ्चालन गर्नुपर्छ ।

नेपालमा दसैंको टीका लगाइरहँदा साउदीमा काममा खटिएका नेपालीको मन पनि आफ्नै घरपरिवारमा पुगेको हुन्छ। उनीहरूको चाहना परिवार खुसी रहोस्, छोराछोरीको भविष्य उज्ज्वल बनोस् र आफूले गरेको दुःख सार्थक होस् भन्ने नै हो। परदेशमा शरीर भए पनि मन स्वदेशमै हुन्छ । विदेशमा रहेका हरेक नेपालीको दसैंको कथाव्यथा यही हो ।

# सन्तानको मनमा नेपाल जगाउँदै



● बाल जोशी
अमेरिका

*अमेरिकामा बसेर दसैं मनाउनु भनेको चाडपर्वका संस्कार जोगाउनु मात्र होइन, नयाँ पुस्तालाई आफ्नो जरा चिनाउनु पनि हो । छोराछोरीलाई नेपाली भाषा, संस्कृति र आफन्तसँग जोड्दै प्रवासमै आफ्ना सन्तानको मनमा नेपाल उमार्नु पनि हो ।*

अमेरिकामा बसेर दसैं मनाउँदा हरेक वर्ष एउटा अनुभूति नयाँ भएर आउँछ- हामी नेपालबाट टाढा छौं, तर नेपाल हामीबाट टाढा भएको छैन । दुई दशकअघि अमेरिका आउँदा मनमा अनेक सपना थिए। पढाइ, काम, परिवार र भविष्यका योजनाले जीवनलाई नयाँ दिशातिर डोऱ्याए । समय बित्दै गयो । यहीँ घर बन्यो, यहीँ दैनिकी बस्यो । मेरा एक छोरा र एक छोरी पनि यहीँ जन्मिए । उनीहरूका लागि अमेरिका जन्मभूमि हो । उनीहरूको बाल्यकालका सम्झना यहीँका सडक, विद्यालय र साथीहरूसँग जोडिएका छन् । तर उनीहरूको कथा अमेरिकाबाट मात्र सुरु भएको होइन । उनीहरूको जरा नेपालमा पनि छ। त्यो जरा चिन्न र जोगाउन सिकाउनु मेरो जिम्मेवारी हो भन्ने लाग्छ।

नेपालमा हुँदा दसैं आफैं आउँथ्यो। गाउँघरमा चहलपहल बढ्थ्यो, घरआँगन सफा हुन्थे, बजारमा भिड लाग्थ्यो र टाढा पुगेका आफन्त घर फर्कन्थे। घटस्थापनामा जमरा राखेदेखि नै घरमा चाडको रौनक सुरु हुन्थ्यो। टीकाको दिन ठुलाबडाको आशीर्वाद, आफन्तसँगको भेटघाट, मीठा परिकार र बाल्यकालका हाँसोठट्टाले दसैंलाई विशेष बनाउँथे ।

अमेरिकामा भने दसैं हामीले आफैं सिर्जना गर्नुपर्छ । बाहिर काम र विद्यालय सामान्य रूपमा चलिरहेका हुन्छन् । सडकमा चाडको चहलपहल हुँदैन। वरिपरिका मानिसलाई विजयादशमीको महत्त्व थाहा नहुन सक्छ। तर घरभित्र हामी जमरा राख्छौं, नेपाली परिकार बनाउँछौं, टीका लगाउँछौं र दसैंका कथा सुनाउँछौं । जमराको पहेलो अंकुर देख्दा लाग्छ, आफ्नै घरभित्र नेपालको एउटा सानो टुक्रा उमारिरहेका छौं ।



मेरा छोराछोरीलाई नेपाली भाषा सिकाउनु, दसैं-तिहारका संस्कार बुझाउनु र हाम्रा रीतिरिवाजसँग परिचित गराउनु मेरा लागि पारिवारिक काम मात्र होइन। यो आफ्नो पहिचान जोगाउने प्रयास पनि हो । उनीहरूलाई टीका किन लगाइन्छ, जमरा किन राखिन्छ र ठुलाबडाबाट आशीर्वाद लिनुको अर्थ के हो भनेर बुझाउँछु । चाडपर्वको अर्थ नयाँ लुगा लगाउनु र मिठो खानुमा मात्र सीमित छैन। यसले परिवार, आत्मीयता, सम्मान र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको संस्कृतिसँग जोड्छ ।

मौका मिल्नासाथ उनीहरूलाई नेपाल लैजाने प्रयास गर्छु । नेपालका आफन्तसँग भेटाउनु, नेपाली बोल्ने वातावरणमा राख्नु र आफ्नै आँखाले गाउँघर, मन्दिर, खेतबारी तथा यहाँको जीवनशैली देखाउनु मेरा लागि महत्त्वपूर्ण छ। कथामा सुनेको नेपाल र आफैंले देखेको नेपाल फरक हुन्छ । हजुरबा-हजुरआमा, काका-काकी र अन्य आफन्तसँग बिताएका क्षणले उनीहरूलाई आफ्नो परिवारको इतिहास बुझ्न मद्दत गर्छन्। भाषा किताबबाट मात्र होइन, आत्मीय सम्बन्धबाट पनि सिकिन्छ ।

म उनीहरूलाई नेपालमै बस्नुपर्छ वा अमेरिकाको जीवन छाड्नुपर्छ भन्न खोज्दिनँ । उनीहरूले जहाँ बसेर जे गरे पनि आफ्नो जरा नबिर्सिऊन् भन्ने मात्र चाहना छ। अमेरिकी समाजमा आत्मविश्वासका साथ अघि बढून्, तर नेपाली पहिचानलाई पनि सम्मान गरून्। किनभने, दुई संस्कृतिबीच हुर्कनु उनीहरूका लागि संसारलाई फराकिलो दृष्टिले हेर्ने अवसर पनि हो ।

प्रवासले मलाई सिकाएको छ- घर भनेको चार भित्ताभित्रको ठाउँ मात्र होइन। घर सम्झना हो, भाषा हो, सम्बन्ध हो र आफू कहाँबाट आएको हुँ भन्ने चेतना हो। दसैंका दिन छोराछोरीको निधारमा टीका लगाउँदा म उनीहरूलाई आशीर्वाद मात्र दिइरहेको हुँदिनँ। आफ्ना पुर्खाको सम्झना, संस्कृतिको निरन्तरता र नेपालसँगको सम्बन्ध पनि सुम्पिरहेको हुन्छु। सायद यही प्रवासी दसैंको सबैभन्दा सुन्दर पक्ष हो । हामी अमेरिकामा भविष्य निर्माणसँगै आफ्ना सन्तानको मनमा नेपाल पनि जगाइरहेका छौं ।

# जापानको दसैं : व्यस्ततामा पनि घरको सम्झना



● पूर्ण चलाउने
टोकियो

*जापानमा रहेका नेपालीले काम, पढाइ, आर्थिक अभाव र बिदाको समस्याबीच दसैं मनाउने तयारी गरेका छन् । कोही साथीभाइ र आफन्तसँग जमघट गर्दै छन् त कोही काममै व्यस्त रहनेछन् । घरपरिवारबाट टाढा रहे पनि टीका, जमरा र शुभकामनामार्फत नेपालीले परदेशमा दसैंको आत्मीयता जोगाइरहेका छन् ।*

विश्वका विभिन्न देशमा रहेका नेपालीजस्तै जापानमा बसोबास गर्ने नेपाली पनि दसैं मनाउने तयारीमा छन् । व्यस्त जीवनशैलीका बीच समय मिलाएर उनीहरूले यस पर्वलाई विशेष महत्त्वका साथ मनाउने गरेका छन् ।

विकसित देशमा बसेर पैसा कमाइरहेका नेपालीको मन भने दसैंमा स्वदेशतिरै तानिन्छ । नेपालमा जस्तै लिंगेपिङ खेल्न, मठमन्दिर दर्शन गर्न र आमाबुबाको हातबाट टीका-जमरा लगाउन नपाए पनि उनीहरूले आ-आफ्नै तरिकाले दसैं मनाउँदै आएका छन् । कोही साथीभाइ र आफन्तसँग जमघट गर्दै छन् त कोही सामाजिक संस्थाले आयोजना गर्ने कार्यक्रममा सहभागी हुने तयारीमा छन् ।

झापाका राजु बस्नेत जापानमा बसेको १० वर्ष भयो । तर, उनले यस अवधिमा आमाबुबाको हातबाट दसैंको टीका लगाउन पाएका छैनन् । कहिले आर्थिक अभाव, कहिले काम र भिसाको समस्या त कहिले विद्यार्थी हुँदा कलेजबाट बिदा लिन नसक्दा उनी नेपाल गएर दसैं मनाउनबाट वञ्चित भए ।



दसैं नजिकिँदै गर्दा राजु मोबाइल र सामाजिक सञ्जालको प्रयोग कम गर्छन् । साथीहरू दसैं मनाउन नेपाल फर्किएका तस्बिर र शुभकामना सन्देश देख्दा मन दुख्ने उनी बताउँछन् । यस वर्ष पनि जापानमै रहेका आफन्तसँग दसैं मनाउने उनको तयारी छ ।

जापानमा रहेका धेरै नेपालीले घरमै जमरा उमार्छन् । दसैंका दिन सेलरोटीलगायत परिकार बनाएर एक-अर्कासँग खुसी साट्दै पर्व मनाउँछन् । तर, सबैका लागि दसैं रमाइलो जमघटको अवसर भने बन्न सकेको छैन ।

रामेछापकी शर्मिला लामा यस वर्ष दसैंको दिन पनि आफू कार्यरत कम्पनीमा काम गर्ने योजनामा छिन्। नजिकका साथीहरू नेपाल गएपछि दसैं मनाउने साथीसँगै नभएको र घरमा बस्दा परिवारको यादले झन् सताउने भएकाले काममै व्यस्त रहने निर्णय गरेको उनी बताउँछिन् ।

हुम्लाबाट जापानको फुकुओकास्थित कलेजमा अध्ययन गर्न आएका रमेश हमालको अनुभव पनि उस्तै छ। जापान आएको धेरै समय नभए पनि दसैंमा घरको यादले सताउन थालेको उनी बताउँछन् । सोचेअनुसार काम नपाएको, नेपाल गएर दसैं मनाउन आर्थिक अवस्था अनुकूल नभएको र कलेजको शुल्क तिर्न पैसा जुटाउनसमेत कठिन भइरहेको उनले सुनाए। यो समस्या जापानमा रहेका धेरै नेपाली विद्यार्थीको साझा पीडा हो।

लामो समयदेखि जापानमा व्यवसाय गर्दै आएका भुवन थपलिया पनि यस वर्ष जापानमै दसैं मनाउने तयारीमा छन् । अमेरिकामा रहेका आमाबुबा र परिवारसँग भिडियो संवाद गरेर आफ्नो मौलिक शैलीमा दसैं मनाउने उनको योजना छ ।

रुकुमका चित्रबहादुर बुढामगर झन्डै आठ वर्षदेखि जापानमै दसैं मनाउँदै आएका छन् । यस वर्ष पनि परिवारसहित नेपाल जाँदा धेरै खर्च हुने भएकाले उनी जापानमै दसैं मनाउने योजनामा छन् । काठमाडौंका राज भण्डारी पनि कम्पनीबाट लामो बिदा लिन नसक्ने भएपछि परिवारसँगै जापानमा दसैं मनाउँदै छन् ।

जापानमा पत्रकारिता गरिरहेका भवानी भट्टलाई पनि दसैंमा घर फर्किने इच्छा छ। तर, यस वर्ष उनी श्रीमती र छोरासँग जापानमै दसैं मनाउने तयारीमा छन् । सेन्दाईमा कार्यरत विनोद चन्दले पनि समय व्यवस्थापन गर्न नसक्दा नेपाल जाने अवसर पाएनन् । उनी यस वर्ष जापानमै रहेका परिवारसँग दसैं मनाउने योजनामा छन् ।

**सामूहिक दसैं**

जापानमा रहेका नेपालीका विभिन्न संघसंस्थाले पनि दसैंका कार्यक्रम आयोजना गर्दै छन् । गलकोट समाज जापानको कान्तो शाखाले टोकियोमा कार्यक्रम गर्ने तयारी गरेको समाजका वरिष्ठ उपाध्यक्ष लक्ष्मण कार्कीले बताए ।

सुदूरपश्चिमेली नेपाली समाज जापानले पनि शुभकामना आदानप्रदान तथा टीका-जमरा लगाउने कार्यक्रम आयोजना गरेको समाजका अध्यक्ष विकास रोकायाले जानकारी दिए। अछाम सेवा समाज जापानले पनि टीका कार्यक्रमसँगै भेटघाट आयोजना गरेको समाजका अगुवा टक्कर कुँवरले बताए ।

पछिल्लो समय सामाजिक सञ्जालमार्फत शुभकामना आदानप्रदान गर्ने, समूह बनाएर भिडियो कल गर्ने र आफन्तसँग जोडिने क्रम पनि बढेको छ । यसले भौगोलिक दूरीमा रहेका नेपालीलाई चाडपर्वका बेला एक-अर्कासँग नजिक बनाएको छ ।

नेपालमा परिवार र आफन्तसँग दसैं मनाइरहँदा विदेशमा रहेका कतिपय नेपालीले भने बिदा नपाएर काम गर्नुपर्ने हुन्छ। विद्यार्थीले कलेज जानुपर्ने हुन्छ भने कतिपय आर्थिक अभावका कारण घर फर्किन सक्दैनन्। उनीहरूलाई दसैंमा परिवारको सम्झनाले सताउँछ ।

तैपनि परिवारको खुसीका लागि विदेशमा पसिना बगाइरहेका नेपालीले दसैं खर्च पठाउन छाडेका छैनन्। आफू परदेशमा रहेर पनि परिवारको दसैं खुसी बनाउन उनीहरू प्रयत्नशील छन् । घरपरिवारबाट टाढा रहेर मनाइएको दसैं उनीहरूका लागि सम्झना, जिम्मेवारी र भविष्यप्रतिको आशासँग जोडिएको पर्व बनेको छ ।

# दसैंमा विद्युत् आपूर्ति सहज बनाउन प्राविधिक टोली खटिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० असोज

नेपाल विद्युत् प्राधिकरणले दसैंका अवसरमा उपभोक्तालाई भरपर्दो, नियमित र गुणस्तरीय विद्युत् आपूर्ति सुनिश्चित गर्न देशभरका वितरण केन्द्रलाई आवश्यक तयारी अवस्थामा रहन निर्देशन दिएको छ। दसैंका समयमा औद्योगिक तथा व्यावसायिक गतिविधि कम हुने भए पनि घरपरिवार, धार्मिक स्थल, बजार तथा सार्वजनिक क्षेत्रमा विद्युत् खपतको प्रकृति फरक हुने भएकाले विद्युत् प्रणालीको सुरक्षित र भरपर्दो सञ्चालनलाई प्राधिकरणले प्राथमिकतामा राखेको छ। प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायु कुमार श्रेष्ठ तथा वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुख राजन ढकालले शुक्रबार प्रादेशिक तथा प्रदेश डिभिजन कार्यालय वितरण केन्द्रका प्रमुखहरूसँग भर्चुअल बैठक गरी दसैं अवधिभर विद्युत् आपूर्तिमा अवरोध हुन नदिन आवश्यक



सम्पूर्ण तयारी गर्न निर्देशन दिए। कार्यकारी निर्देशक श्रेष्ठले विद्युत् आपूर्तिमा अवरोध भइहालेमा तत्काल मर्मतसम्भार गरी सेवा सुचारु गर्न प्राविधिक टोलीलाई तयारी अवस्थामा राख्न निर्देशन दिए । साथै, प्रसारण लाइन तथा वितरण प्रणालीको निरीक्षण र मर्मतसम्भार गर्न बाँकी रहेको भएमा तत्काल सम्पन्न गरी विद्युत् आपूर्तिमा हुन सक्ने सम्भावित अवरोध न्यूनीकरण गर्न सम्बन्धित कार्यालय प्रमुखहरूलाई निर्देशन दिइएको छ। दसैंको समयमा विद्युत् आपूर्तिसम्बन्धी गुनासो तत्काल सम्बोधन गर्न 'नो लाइट' सेवामा प्राप्त हुने फोन उठाउने र गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउनसमेत निर्देशन दिइएको छ । विद्युत् आपूर्तिमा समस्या देखिएमा तत्काल प्राविधिक टोली परिचालन गरी यथाशीघ्र सेवा सुचारु गर्ने व्यवस्था मिलाउन कार्यालय प्रमुखहरूलाई भनिएको छ ।

प्राधिकरणले विद्युत् माग तथा आपूर्तिको अवस्थालाई निरन्तर निगरानी गर्दै विद्युत् प्रणालीमा समस्या आउन नदिन आवश्यक सतर्कता अपनाएको छ । दसैं अवधिभर विद्युत् आपूर्तिलाई नियमित बनाउन सम्बन्धित कार्यालय तथा प्राविधिक टोलीलाई आवश्यक समन्वय र तयारीसहित परिचालनको व्यवस्था गरिएको छ। यसैगरी, चाडपर्वका समयमा विद्युत्को सुरक्षित प्रयोग गर्न प्राधिकरणले उपभोक्तालाई आग्रह गरेको छ । घरमा प्रयोग हुने विद्युतीय उपकरण तथा तार हरूको अवस्था जाँच गर्न, गुणस्तरहीन विद्युतीय सामग्री प्रयोग नगर्न तथा विद्युत् चुहावट वा तारमा समस्या देखिएमा आफैं मर्मत नगरी दक्ष प्राविधिकबाट मात्र गराउन प्राधिकरणले अनुरोध गरेको छ ।

# सिटिजन्स बैंकद्वारा सिटिटेकसँगको सहकार्यमा लुप पर्चेज क्रेडिट र इएमआई सेवा

**काठमाडौं/मस–** सिटिजन्स बैंक इन्टरनेसनलले सिटिटेक ग्रुपसँग लुप नेटवर्कमा इसुअर बैंकका रूपमा आबद्ध हुन सम्झौता गरेको छ। यस सहकार्यसँगै बैंकले आफ्ना ग्राहकहरूलाई डिजिटल माध्यमबाट सहज रूपमा कर्जा तथा किस्ताबन्दी सुविधा उपलब्ध गराउने भएको छ।

यस सम्झौतापश्चात् सिटिजन्स बैंकका योग्य डेबिट कार्ड,क्रेडिट कार्ड होल्डरहरुले लुप नेटवर्कमा आबद्ध विभिन्न पसल तथा व्यावसायिक प्रतिष्ठानहरूबाट सामान खरिद गर्दा सहजै इन्स्ट्यान्ट पर्चेज क्रेडिट लुप क्रेडिट सुविधा प्राप्त गर्न सक्नेछन्। ग्राहकहरूले आफ्नो सिटिजन्स बैंकको




डेबिट कार्ड,क्रेडिट कार्ड मार्फत गरिएको भुक्तानीलाई सहजै मासिक किस्ताबन्दी लुप इएमआईमा रूपान्तरण गर्न सक्नेछन् । यस सुविधाले ग्राहकहरूलाई आवश्यकता अनुसार वित्तीय पहुँच उपलब्ध गराउनुका साथै खर्च व्यवस्थापन गर्न, खरिद प्रक्रियालाई सहज बनाउन र सरल भुक्तानीको अनुभव लिन मद्दत पुर्‍याउने अपेक्षा गरिएको छ । सिटिटेक ग्रुपसँगको यस सहकार्यले डिजिटल भुक्तानी तथा उपभोक्ता कर्जा सुविधालाई थप सहज र पहुँचयोग्य बनाउन सहयोग पुर्‍याउने विश्वास बैंकले लिएको छ। यसबाट ग्राहकहरूले आधुनिक डिजिटल बैंकिङ सेवाको लाभ उठाउँदै आफ्नो दैनिक खरिद तथा भुक्तानीलाई अझ सुविधाजनक बनाउन सक्नेछन्।

# सभापोखरी हाइड्रोपावरको आइपिओका काम गरिमा क्यापिटल गर्ने

**काठमाडौं/मस–** गरिमा क्यापिटल लिमिटेड र सभापोखरी हाइड्रोपावर लिमिटेडबीच आइपिओको प्रत्याभूति सम्बन्धी सम्झौता सम्पन्न भएको छ । सभापोखरी हाइड्रोपावर लिमिटेडले सर्वसाधारणमा निष्काशन गर्न लागेको कुल १० लाख ७५ हजार कित्ता साधारण सेयर, प्रति कित्ता १०० का दरले हुन आउने कुल १० करोड ७५ लाख रुपैयाँ बराबरको प्रत्याभूति गरिमा क्यापिटल लिमिटेडले गर्नेछ ।

गरिमा क्यापिटल लिमिटेडका तर्फबाट कार्यवाहक प्रमुख कार्यकारी




अधिकृत अशोक सुवेदी र सभापोखरी हाइड्रोपावर लिमिटेडका तर्फबाट प्रबन्ध निर्देशक श्रीराम देवकोटाले उक्त सम्झौता पत्रमा हस्ताक्षर गरे । सभापोखरी हाइड्रोपावर लिमिटेडद्वारा सञ्चालित आयोजना संखुवासभा जिल्लाको सभापोखरी गाउँपालिका वडा नं. ३ मा अवस्थित ५ मेगावाट क्षमताको लंखुवा खोला साना जलविद्युत आयोजना हो ।

# लक्ष्मी सनराइज क्यापिटल लिमिटेडको ५ करोड ३८ लाख नगद लाभांश पारित

**काठमाडौं/मस–** लक्ष्मी सनराइज क्यापिटल लिमिटेडले आफ्नो १६ औं वार्षिक साधारण सभबाट ५ करोड ३८ लाख नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ ।

आसार मसान्त २०८३ को वासलात बमोजिम प्रति शेयर आम्दानी १२.६६ रहेकोमा वितरण योग्य आम्दानी १२.८६७ प्रतिशत मध्येबाट आफ्ना शेयरधनीलाई चुक्ता पुँजीको ११ प्रतिशत अर्थात् ५ करोड ३८ लाख (कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । नेपालको पुँजी बजारको इतिहासमा प्रथम पटक शेयर निष्काशन सम्बन्धी मर्चेण्ट बैंकिङ्ग तथा सामुहिक लगानी कोष सम्बन्धी कार्यको शुरुवात गरी



तीन दशक भन्दा अधिक समयदेखि यस कम्पनीले नेपालको धितोपत्र बजारको विकास, बिस्तार तथा संस्थागत सुदृढीकरणमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ ।

कम्पनीले करिब ६ अर्ब बराबरको ६ वटा बन्दमुखी म्युचुअल फण्ड र १ वटा खुल्लामुखी म्युचुअल फण्ड गरी करिब ७ अर्ब बराबरको म्युचुअल फण्ड सफलतापुर्वक संचालन गर्दै आएको छ । साथै, विशिष्टीकृत लगानी कोष अन्तर्गत १ अर्ब पुँजी भएको लक्ष्मी सस्टनेवल ईनर्जी फण्डले निर्धारित लक्ष्य अनुरुप पूँजी संकलन गरी दिगो उर्जा क्षेत्रहरुमा लगानी गर्दै आइरहेको छ।

# वीरगन्जमा कजारिया रमेश टायल्सको नयाँ सोरुम

**वीरगन्ज/मस–** कजारिया रमेश टायल्सले आफ्नो आधिकारिक डिलर नेटवर्क विस्तार गर्दै अप्सरा सप्लायर्स संचालनमा ल्याएको छ। यस नयाँ सोरुममार्फत वीरगन्ज तथा आसपासका क्षेत्रका घरधनी, निर्माण व्यवसायी, आर्किटेक्ट र इन्टेरियर डिजाइनरहरूलाई कजारियाका प्रिमियम फ्लोर तथा वाल टायलहरूको सहज रूपमा उपलब्ध गराउने लक्ष्य राखिएको छ । नयाँ सोरुमको औपचारिक उद्घाटन बिहीबार गरिएको थियो । उद्घाटन समारोहमा कजारिया रमेश टायल्स लिमिटेडका निर्देशक हिमांशु



अग्रवाल र मिस नेपाल वर्ल्ड २०२६ दीपमाला ढकालको उपस्थितिमा भएको थियो । ग्राहकलाई सहज र सुविधाजनक अनुभव प्रदान गर्ने उद्देश्यले व्यवस्थित गरिएको यस सोरुममा कजारियाका विभिन्न डिजाइन, प्याटर्न, टेक्स्चर तथा फिनिसिङका टायलहरू अवलोकन गर्न सकिनेछ ।

# नागरिक लगानी कोष र एभरेस्ट अस्पतालबीच सम्झौता

**काठमाडौं/मस–** नागरिक लगानी कोष र एभरेस्ट अस्पतालबीच कोषका सहभागी, कर्मचारी, उनीहरूका आश्रित परिवार तथा सदस्यलाई सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराउने सम्बन्धी सम्झौता भएको छ। सो सम्बन्धी सम्झौता कोषका निमित्त कार्यकारी निर्देशक हेमन्त पोखरेल र अस्पतालका स.प्रशासक यादवप्रसाद ढुंगानाले हस्ताक्षर गर्नु भएको हो। सम्झौता अनुसार कोषसँग आबद्ध कर्मचारी, आश्रित परिवार तथा सदस्यले अस्पतालको बिल र परीक्षण सेवामा २० प्रतिशत तथा शल्यक्रिया कक्ष (ओटी) र फार्मेसीको बिलमा १० प्रतिशत छुट पाउनेछन्। बाह्य स्रोतबाट लिइने सेवा, चिकित्सकको परामर्श, एम्बुलेन्स शुल्क तथा उपकरणमा भने छुट योजना लागु हुने छैन । अस्पतालले कोषका सक्रिय सहभागीलाई एम्बुलेन्स सेवा, विशेष स्वास्थ्य प्याकेज तथा आवश्यकताअनुसार स्वास्थ्य शिविरसमेत सञ्चालन गर्नेछ। स्वास्थ्य शिविरमा सहभागी चिकित्सकका लागि आवश्यक प्रोत्साहनको व्यवस्था गर्नुपर्ने



सम्झौतामा उल्लेख छ । कोषको परिचयपत्रका आधारमा कर्मचारी तथा सहभागीको पहिचान गरिनेछ । परिचयपत्र नभएका आश्रित परिवारका सदस्यको हकमा कोषले विवरण उपलब्ध गराउने वा अस्पताललाई अग्रिम जानकारी गराउने व्यवस्था छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१९/१५ मा दर्ता भएको **प्रा.लि.नं. २५१६४५** को **अम्बे मा इन्जिनियरिङ्ग सर्भिस प्रा. लि.** को मिति २०८३/०६/२५ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर : विरेन्द्र शिवाकोटी,**
**इजाजत पत्र नं. २६७, ठेगाना : काठमाडौं,**
**फोन नं. ९८५१०५५२४९**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति २०८३/०६/३१**

यस कम्पनीको मिति २०८३।०६।१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **किड्स गार्डन चाइल्ड केयर सेन्टर प्रा.लि. (दर्ता नं. १३१११७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।२३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **युनाइटेड एकेडेमी पर्सा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।




NIMB
P.O. Box: 3412, Head Office: Durbarmarg, Kathmandu, Nepal. Tel: 4228229, Fax: (977-1) 4226349
Email: info@nibl.com.np
SWIFT ADDRESS: NIBL NP KT
Website: www.nibl.com.np

Reliable Life Insurance Ltd. ...Reliable Forever
Corporate Office: Gyaneshwor, Kathmandu
Phone No: +977-01-4523618, 4523630, Fax No: +977-01-4523657
Email: info@reliablelife.com.np, Url: www.reliablelife.com.np

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY
Central Office: Newroad, Pokhara
Phone No. 061-583590,583634
Email: info@greenbank.com.np
Website: www.greenbank.com.np

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
Battar, Bidur-4, Nuwakot, Telephone: +977 10 561746/561747
Email:corporate@meromicrofinance.com
Web: www.meromicrofinance.com
Contact Office: Sitapaila, Kathmandu, Telephone: 01-5315936/937

हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड
Himalayan Laghubitta Bittiya Sanstha Limited
A subsidiary company of Himalayan Bank Limited
केन्द्रीय कार्यालय
चावहिल, काठमाडौं, नेपाल
info@himalayanlaghubitta.com
www.himalayanlaghubitta.com

Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.
Kathmandu-03, Kapan Marg, Maharajgunj, Kathmandu, Nepal
Email: info@laxmilaghu.com.np
Ph: +977-1-4373682 +977-1-4370548

मल्टीपर्पस फाइनान्स लिमिटेड
Multipurpose Finance Limited
Corporate Office: Janakpurdham-4, Vidhyapati Chowk, Dhanusha
Ph.: 041-591170, 591171
E-mail: info@multipurposefinance.com
Website: www.multipurposefinance.com

महिला लघुवित्त वित्तीय संस्था लि.
Mahila Laghubitta Bittiya Sanstha Ltd.
Address: Sanga,Kavre, Nepal
Email: info@mlbsl.com.np mlbsl.nepal@gmail.com
Contact: 011-661329
Website: www.mlbsl.com.np

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.
Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.
Address: Banepa-10, Kavrepalanchowk
Email: info@aarambhachautari.com, aarambhachautari@gmail.com
Contact: 011-664579
Website: www.aarambhachautari.com

NAVAJEEVAN CO-OPERATIVES LTD.
Dhangadi, Kailali, Ph.: 091-520283

धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड
DHAULAGIRI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

नेको इन्सुरेन्स लि.
NECO INSURANCE LTD.
Make A Visible Difference
Beema Bhawan, Gyaneshwor
Kathmandu, Nepal
Ph: 4530583, 4542263
info@neco.com.np
www.neco.com.np

श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.
SHRIJANSHIL LAGHUBITTA BITTIYA SANSTHA Ltd.
Address: Golbazar MP-7, Choharwa (Siraha)
Email: info@shrijanshil.com.np
Contact: 033-401045, 401084
Website: www.shrijanshil.com.np

जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

एनएमबि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.
Head Office: Pokhara-25, Hamja, Milanchowk, Kaski
Ph.: 061-400427 / 400477, 400537 / 400538

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.
HEAD OFFICE
Lamki Chuha, Kailali
Tel. No.: 091-540426/540450 Fax no.: 540103
Email: info@kisancoop.com.np
Web: www.kisancoop.com.np

FORWARD
Central Office: Duhabi-5, Sunsari
Phone No: +977-25-542018
Fax: +977-25-541483
Email Id: info@forwardmfbank.com.np

मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड
MANUSHI LAGHUBITTA BITTIYA SANSTHA LTD.
Address: Bhaisepati, Banepa, Nepal
Email: info@manushilbs.com.np
Contact: 011-662785, 011-663127
Website: www.manushilbs.com.np

विश्वको कुनै पनि ठाउँबाट नेपालमा पैसा पठाउने भरपर्दो माध्यम
NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-68800
www.nepalremit.com

सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.
SUNLIFE
SUN NEPAL LIFE INSURANCE COMPANY LTD.
Email: info@snlic.com | Web: www.sunlife.com.np

**युएई र कतारमा रोजगार**

कम्पनी: QEMAT AL BUNYAN CONCRETE CARPENTER CONT — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०६/३० — चलानी नं.: ६०२६२५९५ — LT. N1o.: 349453

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Carpenter | 19 | 0 | स. काममा दक्ष | 1200 | ४९५९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: BIN OMRAN TRADING AND TELECOMMUNICATION — शहर: QATAR
पूर्व स्वीकृत मिति: २०८३/०६/३० — चलानी नं.: ६०२६२५९४ — LT. N1o.: 349568

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen.telecommunications Technician | 22 | 0 | स. काममा दक्ष | 1500 | ६२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक ७ गते (24 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**तिरुपति इन्टरनेशनल म्यानपावर प्रा. लि.** Govt. Lic No.: 847/066/067
बत्तिसपुतली, गौशाला-९, काठमाडौं, नेपाल, फोन नं : ४४९८८२२, ९८०३०९३८१४, ९८१८७७१४९८, फ्याक्स नं.: ४४३७५००

**युएईमा रोजगार**

कम्पनी: AMAN TAXI - SOLE PROPRIETORSHIP LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०६/३० — चलानी नं.: ६०२६२६०४ — LT. No.: 349599

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Driver | 100 | 0 | स. काममा दक्ष | 2500 | १,०३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक ७ गते (24 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**POWER SUPPORT EMPLOYMENT PVT.LTD.** License No: 1710/081/082
Sinamangal-09, Kathmandu, Nepal, Ph No: +977-01-5922710, Moin uddin nadaf Contact no : 9803907377, 9701610860, Gmail: info@powersupport.com.np, poweremp33@gmail.com, Web: www.powersupport.com.np

**मलेसियामा रोजगार**

कम्पनी : HEAP SOON FARMING SDN BHD — शहर : MALAYSIA
पूर्व स्वीकृत मिति : २०८२/१२/११ — चलानी नं.: ६०२५३६४५ — LT. No.: 340190 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 32 | 0 | स. काममा दक्ष | 1700 | ६३२०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक ७ गते (24 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सदिक्षा ओभरसिज प्रा. लि.** श्रम इजाजत पत्र नं. ७६९/०६५/०६६
सामाखुसी टाउन प्लानिङ (स्वीमिङ पुलसँगै), काठमाडौं, नेपाल , फ्याक्स : ४३८६५२५
फोन नं: 014980181/014988200/014986525/9851130592
Email:info@sadiksha.com.np, Web: www.sadiksha.com.np

**मलेसियामा रोजगार**

कम्पनी: KONSULTAN KHIDMAT SETIA SDN BHD — शहर : MALAYSA
पूर्व स्वीकृत मिति: २०८३/०६/३० — चलानी नं.: ६०२६२५९३ — LT. No.: 349555

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guard | 40 | 0 | स. काममा दक्ष | 1700 | ६३२०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक ८,९,१० गते (25,26,27 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
